# जगन्नाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति अर्न्तगत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनकालागि प्रस्तुत

## शोधपत्र

शोधार्थी
राजन नेपाल
नेपाली शिक्षण विभाग
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं

२०६८

## शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्व विद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर तह द्धितीय वर्ष (नेपाली : २०६४ समुह) का विद्यार्थी श्री राजन नेपालले जगन्नाथ आचार्यको जीवनी व्यक्तित्य र कृतित्वको विश्लेषण  नामक शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमका साथ सृजना गरिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनको निम्ति रत्न राज्यलक्ष्मी क्याम्पसको नेपाली शिक्षण विभाग समक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

**हरि प्रसाद पराजुली**

**सह-प्राध्यापक**

**नेपाली शिक्षण विभाग**

**मितिः**

त्रिभुवन विश्व विद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

# रत्न राज्यलक्ष्मी क्याम्पस

नेपाली विभाग, प्रदर्शनी मार्ग,काठमाडौं

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत रत्न राज्यलक्ष्मी क्याम्पसका विद्यार्थी राजन नेपालले स्नातकोत्तर तह (एम. ए. ) नेपाली विषयको दसौं पत्रको प्रयोजनकालागि प्रस्तुत गर्नुभएको **जगन्नाथ आचार्यको जीवनी र कृतित्वको विश्लेषण** शीर्षकको शोध पत्र स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. सह प्राध्यापक तुलसीमान श्रेष्ठ ( विभागीय प्रमुख) ....................................

२. सह प्राध्यापक श्री हरिप्रसाद पराजुली (शोध निर्देशक ) ....................................

३. ढाका प्रसाद घिमिरे (वाह्य परीक्षक) ....................................

मिति : २०६८/०२/१९

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु सह-प्राध्यापक श्री हरिप्रसाद पराजुलीज्यूको  कुशल निर्देशनमा रही तयार पारेको हुँ । रत्न राज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर तह नेपाली शिक्षण समितिमा कार्यरत रही आफ्नो अध्ययन अध्यापन नयाँ अनुसन्धानमा व्यस्त रहँदा रहँदै पनि उहाँले मलाई शोध पत्र तयार पारुन्जेल सम्म अमूल्य समय दिई पुऱ्याउनु भएको सहयोगप्रति कृतज्ञता ज्ञापन गर्दछु । उहाँको कुशल मार्ग निर्देशन नपाएको भए आज शोध पत्रलाई यस रूपमा उतार्न सम्भव थिएन । निरन्तर हौसला, सुझाव, सल्लाह दिई समुचित निर्देशन प्रदान गर्नु भएकोमा श्रदेय निर्देशकज्यूप्रति हार्दिक कृतज्ञता जाहेर गर्दछु ।

यस शोध प्रस्तावलाई सुरुवातदेखि रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली विभागका प्रमुख तुलसीमान श्रेष्ठले मेहनतपूर्वक गर्नुभएको सहयोगप्रति विनम्रतापूर्वक कृतज्ञता ज्ञापन गर्दछु यस शोध पत्रको तयारी गर्ने सिलसिलामा आवश्यक सामग्री एवं विभिन्न जानकारी दिएर सहयोग पुऱ्याउनु हुने शोध नायक जगन्नाथ आचार्य र उहाँको परिवारप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । जगन्नाथ आचार्यको बाल्यकालका विविध पक्ष वताएर सहयोग गर्नुहुने आदरणीय हजुरबुबा कमलनाथ आचार्य, सामग्री संकलनको क्रममा विशेष सहयोग गर्नुहुने लेखक अमित घिमिरे, साहित्यकार देवी नेपाल बौद्धिक सुझाव र प्रोत्साहन दिई अभिप्रेरित गराउनु हुने चण्डेश्वरी उ.मा.वि का प्र.अ.. रुद्रलोचन आचार्य, चौतारा बहुमुखी क्याम्पस पुस्तकालयका कृष्णगोपाल श्रेष्ठ, मित्र विष्णुमणि आचार्य र शशी आचार्यप्रति आभार व्यक्त गर्नु आफ्नो कर्तव्य ठान्दछु । मलाई जन्म दिएर असल अभिभावकको कर्तव्य पूरा गर्दै स्नातकोत्तर  सम्मको तहमा पुऱ्याउन अहोरात्र लागि पर्ने मेरा पूज्य बुवा एवं आमा शिवप्रसाद र मैया नेपालप्रति श्रद्धापूर्वक आभार प्रकट गर्दछु । मेरो अध्ययनप्रति सदा चिन्तित रही शोध कार्यका लागि पर्याप्त समय जुटाइ दिने मेरी जीवन संगिनी चण्डिका ,बहिनी कमला र छोरी वर्षाप्रति हर्दिक धन्यवाद प्रकट गर्दछु । । यस शोधलाई छिटो, छरितो र शुद्धताका साथ टङ्कण गरी सहयोग गर्ने बहिनी मञ्जु नेपालप्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनकालागि त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति समक्ष पेस गर्दछु ।

शै.स २०६४-६६

मिति २०६८/०७

राजन नेपाल

नेपाली शिक्षण समिति

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

# विषयसूची

**शीर्षक पृष्ठ**

**शोध निर्देशकको मन्तव्य**

**क्याम्पसको स्वीकृति पत्र**

**कृतज्ञता ज्ञापन**

पेज नं.

**पहिलो परिच्छेद : शोध परिचय**

| | |
|---|---|
| १. शोध परिचय | १ |
| २. विषय परिचय | १ |
| ३. शोध कार्यको प्रयोजन | १ |
| ४.समस्या कथन | २ |
| ५. शोधको उद्देश्य | २ |
| ६. पूर्वकार्यको समीक्षा | २ |
| ८. शोधकार्यको औचित्य | ३ |
| ९. अध्ययनको सीमा | ३ |
| १०. शोध विधि | ४ |
| १०.१ सामग्री संकलन विधि | ४ |
| १०.२ सामग्री विश्लेषण विधि | ४ |
| ११ शोधपत्रको रूपरेखा | ४ |

## दोस्रो परिच्छेद : जगन्नाथ आचार्यको जीवनी र व्यक्तित्व


**२.१ जगन्नाथ आचार्यको जीवनी** **५**

२.१.१. पारिवारिक पृष्टभूमि ५

२.१.२. जन्म र बाल्यकाल ५

२.१.३. शिक्षा दीक्षा तथा स्वाध्यायन ६

२.१.४. साहित्यिक प्रेरण तथा प्रभाव ७

२.१.५. ब्रतबन्ध ७

२.१.६. विवाह तथा पारिवारिक जीवन ७

२.१.७. पारिवारिक स्थिति ८

२.१.७.१. परिवार र तिनको अवस्था ८

२.१.७.२. आर्थिक अवस्था ८

२.१.७.३. बसोबास ८

२.१.७.४. सामाजिक अवस्था ८

२.१.८. साहित्यमा लाग्ने प्रेरणा र प्रभाव ८

२.१.९. रुचि र स्वभाव ९

२.१.१०. कार्य क्षेत्र तथा आजीविका १०

२.१.११. बहुभाषा ज्ञान १०

२.१.१२. भ्रमण १०

२.१.१३. प्रकाशित कृति १०

**२.२. जगन्नाथ आचार्यको व्यक्तित्व** **११**

२.२.१. बाह्य व्यक्तित्व ११

२.२.१.१ शरीरिक तथा निजी व्यक्तित्व ११

२.२.२. आन्तरिक व्यक्तित्व १३

२.२.२.१. कवि व्यक्तित्व १३

२.२.२.२ कविता वाचन/गायन व्यक्तित्व १३

२.२.२.३. सम्पादन व्यक्तित्व १३

२.२.२.४. राजनीतिक व्यक्तित्व १४

२.२.२.५. सामाजिक व्यक्तित्व १६

२.२.२.६. संस्थागत संलग्नता १६

२.२.२.७. सम्मान र पुरस्कार १७

**तेस्रो परिच्छेद : जगन्नाथ आचार्यको कविता यात्रा र उनका कविताहरूको विश्लेषण**

३.१ परिचय १८

३.२. नेपाली कविताको विकास क्रममा जगन्नाथ आचार्य १८

३.३. जगन्नाथ आचार्यको कविता यात्रा १९

३.३.१. प्रथम चरण १९

३.३.२. कविता यात्राको दोस्रो चरण २१

३.३.२.१. समय-स्वर कविता सङ्ग्रह २२

३.३.३. जगन्नाथ आचार्यका कविताका विषयवस्तु २३

३.३.३.१. सामाजिक विषय २४

३.३.३.२. राजनीतिक विषय २८

| | |
|---|---|
| ३.३.३.३. प्राकृतिक विषय | ३० |
| ३.३.३.४. लोक संस्कृतिको विषय | ३१ |
| ३.३.३.५ यात्रा/स्थान वर्णन | ३२ |
| ३.३.४.  जगन्नाथ आचार्यको कविताहरूको प्रवृत्ति | ३४ |
| ३.३.४.१. त्याग र सर्मपणको संङ्कल्प | ३४ |
| ३.३.४.२. वर्गीय असमानता | ३५ |
| ३.३.४.३. दार्शनिक चेतना | ३५ |
| ३.३.४.४. दृढ आस्था र विश्वास | ३६ |
| ३.३.४.५. सन्त्रास | ३६ |
| ३.३.४.६. आतङ्कको विरोध | ३६ |
| ३.३.४.७.मानवीय मूल्य र अस्तित्वको खोजी | ३७ |
| ३.३.४.८. क्रान्ति र परिवर्तनप्रति विश्वास | ३७ |
| ३.३.४.९.देशभक्ति | ३८ |
| ३.३.४.१०. आतङ्क पछिको सन्नाटा | ३८ |
| ३.४.१. रस | ३९ |
| ३.४.२. वीर रस | ३९ |
| ३.४.३. करुण रस | ४० |
| ३.४.४. रौद्र रस | ४१ |
| ३.५. अलङ्कार | ४२ |
| ३.६. छन्द | ४२ |
| ३.६.१. शार्दूलविक्रीडित | ४२ |

| | |
|---|---|
| ३.६.२. उपेन्द्रबज्रा | ४३ |
| ३.६.३. शिखरिणी | ४४ |
| ३.६.४. वसन्ततिलका | ४४ |
| ३.७. निष्कर्ष | ४५ |
| **चैथो परिच्छेद : उपसंहार** | **४६** |
| **परिशिष्ट** | **४९** |
| **सन्दर्भ ग्रन्थसूची** | **५५** |

पहिलो पच्छिेद

# शोधपत्रको परिचय

## १.शोध परिचय

जगन्नाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण रहेको छ ।

## २. विषय परिचय

जगन्नाथ आचार्य नेपाली साहित्यमा क्रियाशील व्यक्तित्व हुन । उनको जन्म वि.स २००४ साल बैशाख १ गते भएको हो । पिता कमलनाथ आचार्य र माता मनमाया आचार्यका जेष्ठ सुपुत्रका रूपमा परिचित उनी वाडेगाउँ -४, सिन्धुपाल्चोकमा जन्मिएका हुन् ।

साहित्यिक पारिवारिक वातावरणले सानै उमेरदेखि गायन र नृत्यमा विशेष झुकाव राख्ने आचार्यले २०२८ सालबाट साहित्य सृजनातर्फ कलम चलाउन सुरुवात गरेका थिए । पञ्चायती व्यवस्थाका कारण कतिपय जनपक्षीय साहित्यलाई बाहिर ल्याउन र जोगाएर राख्न नसकिएकोले हाल सोसम्बन्धी सूचना मात्र प्राप्त गर्न सकिन्छ । यद्यपि बनारसबाट प्रकाशित विभिन्न पत्र पत्रिकाहरूमा उनका फुटकर कविता प्रकाशित भएका छन् । विभिन्न सभा समारोह र सन्दर्भहरूमा कविता वाचन, जिल्लाका अतिरिक्त राष्ट्रिय पत्रपत्रिकाहरूमा उनका समसामयिक कविता प्रकाशित भएका छन् । कृतिकोरूपमा ७६ कविताको सँगालो समय स्वर (२०६५) प्रकाशित छ । उनले विभिन्न पत्र पत्रिकाको सम्पादन पनि गरेका छन् । ती हुन् :

छात्र प्रभा -२०२८ (बनारसबाट प्रकाशित)

मिर्मिरे -२०३२ (बनारसबाट प्रकाशित)

लालुपाते -२०३९ (सिन्धुपाल्चोक जिल्लाबाट प्रकाशित राजनीतिक पत्रिका)

## ३. शोध कार्यको प्रयोजन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आवश्यकता परिपूर्ति यस शोध कार्यको प्रयोजन रहेको छ ।

### ४. समस्या कथन

शोध कार्यका सम्भावित समस्याहरू निम्नलिखित छन्:

क) जगन्नाथ आचार्यको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

ख) जगन्नाथ आचार्यको कृतित्व के कस्तो रहेको छ ।

घ) जगन्नाथ आचार्यको कृतित्वका के कस्ता पक्ष रहेका छन् ।

### ६. शोधको उद्देश्य

जगन्नाथ आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित शोध कार्यका उद्देश्यहरू निम्न छन्::

क) जगन्नाथ आचार्यको जीवनी र व्यक्तित्वबारे प्रकाश पार्नु,

ग) जगन्नाथ आचार्यको कृतित्वको पहिचान गर्न,

घ) जगन्नाथ आचार्यको कृतित्वका विविध पक्षहरूको चर्चा गर्न ।

### ७. पूर्वकार्यको समीक्षा

कवि जगन्नाथ आचार्यको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भएको छैन । उनका बारेमा विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा विभिन्न कोणबाट अध्ययन विश्लेषण गरिएको छ । तिनै सामान्य संक्षिप्त तथा एक पक्षमा मात्र केन्द्रित अध्ययनलाई पूर्वकार्यको रूपमा प्रस्तुत गरिएको छ ।

साहित्यकार एवं राजनीतिज्ञ प्रदीप नेपाल नख्खु जेल विद्रोह गरी प्रहरी प्रशासनसँग लुक्दै बनारस पुगेपछि जगन्नाथसँग भेट भएको र उनको व्यक्तित्वको बारेमा 'मुक्त आकाशको खोजी' उपन्यासमा उल्लेख गरिएको छ ।

दिल पौडेलको "सिन्धुका साहित्यकारहरू" (२०६३) पुस्तकमा जगन्नाथ आचार्यको कृतित्वको सन्दर्भमा विस्तृत चर्चा गरिएको छ ।

समय स्वर (२०६५)मा प्रकाशनको तर्फबाट पूर्ण प्रसाद श्रेष्ठ "आशा परिवर्तन र सपनाकालागि गरिएको निरन्तर संघर्षका गाथाहरू विषम परिस्थितिसँग पौठेजोरी खेलिएका अनुभवहरू गिट्ठा र भ्याकुरसँग जीवन धान्दै आन्दोलनका हरेक मोडमा अविचलित यात्राका अनुभूतिहरूलाई शब्दको रुपमा पोखिएको यो कृति समय-स्वर।"

समय-स्वर (२०६५) को भूमिकामा देवी नेपाल "विचारले पोखिएको आवाजमा विद्रोहको ज्वाला सल्काउन सक्ने क्षमता बोकेका यी कविताहरू विचारका कलात्मक दस्तावेज हुन" ।

नवयुग, मदन भण्डारी विशेषाङ्क (२०६६ जेठ) मा मदन भण्डारीको साहित्यिक परिचयका सन्दर्भमा देवी नेपाल, जगन्नाथ आचार्य र मदनको निकटताको परिचय दिँदै भन्छन् "मदन भण्डारीले कविताका अतिरिक्त केही गीतहरूमा पनि प्रगतिवादी चिन्तन र सामाजिक यथार्थको जिउँदो रूप पाइन्छ । यहाँ मदन भण्डारीले लेखेका गीतहरू उहाँका मित्र जगन्नाथ आचार्यसँगै कण्ठस्थ अवस्थामा रहेकोले यहाँ उल्लेख गर्न पाइएको हो । "

नयाँ पत्रिका (२०६७ कार्तिक १८) को मध्यपृष्ठमा विद्यार्थी छँदाका मदन भण्डारी शीर्षकमा उनले मदन भण्डारीसँग बिताएका समयको चर्चा सन्दर्भमा गरिएको एक टिप्पणी "जगन्नाथ आचार्य सिन्धुपाल्चोकका नेता र कवि पनि हुन । उनी एक समय बनारसमा अहिलेका लिजेण्ड क. मदन भण्डारीका सहपाठीमात्र थिएनन् । अध्ययन जीवन दर्शन र आन्दोलनमा मदनबाट प्रेरित पनि थिए ।"

'चन्द्रयुग' वृहत्तर महाकाव्यका रचनाकार चन्द्र प्रसाद न्यौपानेले 'सिन्धुका स्रष्टा' पुस्तकमा जगन्नाथ आचार्यको बारेमा समालोचकीय टिप्पणी गरेका छन् ।

'जमघट' मासिक 'दपिशिखा' 'सिन्धुप्रवाह' 'सिन्धु सन्देश' मा जगन्नाथ आचार्यको कृतित्व र व्यक्तित्वका बारेमा लेखहरू प्रकाशित भएको पाइन्छ ।

उल्लिखित पूर्वकार्यहरूलाई मनन गर्दा जगन्नाथ आचार्यका जीवनी, व्यक्तित्व, र कृतित्वका केही पक्षहरूमा अध्ययन भएको पाइए पनि उनको जीवनका सबै पक्षहरूको अध्ययन, व्यक्तित्वको मूल्याङ्कन र उनका कृतिहरूको विविध पक्षको चर्चा समष्टीमा नभएकोले यस शोध मार्फत जगन्नाथ आचार्यका विविध पक्षहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

**८. शोध कार्यको औचित्य**

जगन्नाथ आचार्यका जीवनीको बारेमा केही झल्को पूर्वकार्यहरूबाट स्पष्ट हुन्छ । उनको जीवनीका विविध पक्षहरूको बारेमा पूर्वकार्यहरू पर्याप्त छैनन् । उनको व्यक्तित्वको बारेमा सादा जीवन उच्च विचारबाट प्रभावित भएको भन्नेकुराहरू मात्र उल्लेख छ तर उनको जीवनी भित्र त्यस किसिमको प्रभावपार्ने आन्तरिक पक्षहरूको बारेमा चर्चा भएको छैन । जगन्नाथ आचार्यलाई सामान्यतया साहित्यिक र राजनीतिक व्यक्तित्वको रूपमा चिन्नेहरू धेरै छन् । साहित्यिक र राजनीतिक भन्दा अरू क्षेत्रबाट समेत उनलाई चिनाउने प्रयास भएको छैन । जगन्नाथ आचार्यका केही कविताहरूको सामान्य रूपमा व्याख्या विश्लेषण भएतापनि हालसम्म लेखिएको कविताहरूको समग्र अध्ययन भएको छैन । यसरी जगन्नाथ आचार्यका जीवनी, व्यक्तित्व र कृतित्वको सन्दर्भमा विभिन्न लेखकहरूले विभिन्न पुस्तकहरूमा अलग अलग कोणबाट समीक्षा टिप्पणी समालोचना गरेका छन । तापनि उनी र उनको कृतित्वको बारेमा समष्टिगत अध्ययन भएको छैन । तसर्थ, जगन्नाथ आचार्यलाई समग्रतामा एकै ठाउँमा चिनाउने प्रयास गरिएबाट यसको अध्ययनको औचित्य पुष्टि हुन्छ ।

**९. अध्ययनको सीमा**

जगन्नाथ आचार्यको जीवनी, व्यक्तित्वका साथै उनका २०६५ सम्म प्रकाशित कृति एवं फुटकर रचनाहरूको समेत विश्लेषण गर्नु यस शोध कार्यको क्षेत्र वा सीमा हो ।

**१०. शोध विधि**

क) सामग्री संकलन विधि

यस शोध कार्य गर्दा मूलतः पुस्तकालयीय पद्धतिबाट र आवश्यकता अनुसार क्षेत्रीय विधिका माध्यमबाट सामग्री संकलन गरिने छ । शोध नायकबाट पर्याप्त जानकारी लिनुका साथै उनका प्रकाशित कृति, उनका बारेमा प्रकाशित लेख, रचनालाई प्रमुख सामग्रीको रूपमा उपयोग गरिने छ ।

ख) सामग्री विश्लेषण विधि

यस शोध कार्यमा संकलित सामग्रीहरूलाई विश्लेषण गर्दा जीवनीपरक समालोचनामा पद्धतिमा केन्द्रित रही अध्ययन विश्लेषण गरिएको छ ।

**११. शोध पत्रको रूपरेखा**

यस शोध पत्रको रूपरेखा निम्नानुसार रहेको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : जगन्नाथ आचार्यको जीवनी र व्यक्तित्व

तेस्रो परिच्छेद : जगन्नाथ आचार्यको कविता यात्रा र उनका कविताहरूको विश्लेषण

चौथो परिच्छेद : उपसंहार

यसरी यस शोधपत्र पाँचवटा परिच्छेदमा विभक्त गरिएको छ र अन्त्यमा परिशिष्ट र सन्दर्भ सामग्री सूची रहेका छन् । उल्लेखित परिच्छेदगत शीर्षकहरू विभिन्न उपशीर्षकहरूमा विभाजित छन् ।

दोस्रो परिच्छेद

# जगन्नाथ आचार्यको जीवनी र व्यक्तित्व

## २.१ **जगन्नाथ आचार्यको जीवनी**

### २.१.१. पारिवारिक पृष्टभूमिः

जगन्नाथ आचार्यको हालको वाडेगाउँ ४ सिन्धुपाल्चोक हो । करिव १८ पुस्ता अघि लमजुङबाट आचार्य थरका व्यक्ति काठमाडौं आएर बसेका थिए । तत्कालीन राजाबाट हाल वीर अस्पताल रहेको क्षेत्र आसपासमा उनीहरुले विर्ता पाएका थिए । समय बित्दै जाँदा त्यो ठाउँ पनि छोडेर उनीहरु सिन्धुपाल्चोक जिल्लाको छाचोक (सिपापोखरे-३) मा सरेका थिए । छ वटा चोक रहेको त्यस ठाउँबाट उनीहरु करिव १० पुस्ता अघि सिपाधुसेनीमा बसाँइ सरेको देखिन्छ । (छाचोकमा रहेको ताम्र पत्रबाट) सामान्य खेती किसानबाट आफ्नो दैनिक व्यवहार चलाउदै आएका आचार्य परिवार धर्म, कर्म र पठनकार्यमा भने केही अगाडि थिए । त्यसरी हेर्दा गाउँका विविध सन्दर्भहरू (सामुदायिक अगुवाइ) मा आचार्यहरू अगाडि देखिन्छन । यद्यपि तत्कालीन बाबुसाहेव र काजीसाहेवबाट प्रताडित बनेका उनीहरू विविध मुद्दाहरुको सामना गर्न समेत विवश बनेका थिए । शहिद गंगालाल र कम्युनिष्ट नेता पुष्पलालका पिता भक्तलालको सहयोगबाट झुटा मुद्दाबाट मुक्ति पाएका उनै दशरथ आचार्यका छोरा कमलनाथ र उनका छोरा हुन् जगन्नाथ आचार्य । (परिवारबाट प्राप्त जानकारी )

जगन्नाथ आचार्यको हालको वाडेगाउँ ४ सिन्धुपाल्चोक हो । करिव १८ पुस्ता अघि लमजुङबाट आचार्य थरका व्यक्ति काठमाडौं आएर बसेका थिए । तत्कालीन राजाबाट हाल वीर अस्पताल रहेको क्षेत्र आसपासमा उनीहरुले विर्ता पाएका थिए । समय बित्दै जाँदा त्यो ठाउँ पनि छोडेर उनीहरु सिन्धुपाल्चोक जिल्लाको छाचोक (सिपापोखरे-३) मा सरेका थिए । छ वटा चोक रहेको त्यस ठाउँबाट उनीहरु करिव १० पुस्ता अघि सिपाधुसेनीमा बसाँइ सरेको देखिन्छ । (छाचोकमा रहेको ताम्र पत्रबाट) सामान्य खेती किसानबाट आफ्नो दैनिक व्यवहार चलाउदै आएका आचार्य परिवार धर्म, कर्म र पठनकार्यमा भने केही अगाडि थिए । त्यसरी हेर्दा गाउँका विविध सन्दर्भहरू (सामुदायिक अगुवाइ) मा आचार्यहरू अगाडि देखिन्छन । यद्यपि तत्कालीन बाबुसाहेव र काजीसाहेवबाट प्रताडित बनेका उनीहरू विविध मुद्दाहरुको सामना गर्न समेत विवश बनेका थिए । शहिद गंगालाल र कम्युनिष्ट नेता पुष्पलालका पिता भक्तलालको सहयोगबाट झुटा मुद्दाबाट मुक्ति पाएका उनै दशरथ आचार्यका छोरा कमलनाथ र उनका छोरा हुन जगन्नाथ आचार्य । (परिवारबाट प्राप्त जानकारी )

### २.१.२. जन्म र बाल्यकाल

नेपाली साहित्यमा प्रगतिशील भित्र निम्न वर्गीग परिवेशको प्रस्तुति गर्ने जगन्नाथ आचार्यको जन्म २००४ साल बैशाख १ गते हालको बाग्मती अञ्चल सिन्धुपाल्चोक जिल्ला वाडेगाउँ गा.वि.स वडा नं ४ धुसेनीमा भएको हो । बुवा कमलनाथ आचार्य र आमा मनमाया आचार्यका जेष्ठ सुपुत्रको रूपमा उनको जन्म भएको हो । सन्तानमध्येका जेठा आचार्यको न्वारनको नाम खिलानाथ आचार्य हो । उनी गर्भमा भएको समयमा बुबा कमलनाथ आचार्य तीर्थ गर्न ठाकुरपुरी गएका थिए । ठाकुरपुरीका देवता जगन्नाथ डढेर बाँकी बसेको किंवदन्ती भएकोले जगन्नाथ आचार्य पनि सानै हुदाँ आगोले बेस्सरी पोलेको हुनाले उनको नाम उनका हजुरआमा भक्तमायाले जगन्नाथ राखिदिनुभएको हो । उनका सुरूका केही रचनाहरू **कुमुद** नामले समेत प्रकाशित भएको पाइन्छ । -(शोधनायक प्राप्त जानकारी)

### २.१.३. शिक्षा दीक्षा तथा स्वाध्ययन

सानै देखि जिज्ञासु स्वाभावका उनी अत्यन्त चञ्चल बालक थिए । हजुरआमा भक्तमायाको साहित्यप्रतिको झुकावले उनलाई सानै देखि विशेष रुपमा प्रभावित पारेको थियो । मौखिक रूपमा उनलाई धेरै श्लोकहरू कण्ठ थियो तर अक्षर भने चिनेका थिएनन । छ वर्षको उमेरमा २०१० सालको श्रीपञ्चमीका दिन विधिवत रुपमा उनको अक्षारम्भ गरिएको थियो । हिन्दु परम्परा अनुसार दियो, कलश, गणेश स्थापना गरी गुरु पुरोहित सहित भएर भानुभक्त वर्णमाला सहितका पुस्तकहरू एवं कपी कलमको पुजा गरी अक्षारम्भ गरिएको थियो । गाउँको घरायशी पाठशालामा उनले तीन वर्ष सम्म अध्ययन गरे । रुद्री, चण्डी, कर्मकाण्ड एवं वेदका कठिन मन्त्र समेत छिट्टै कण्ठ गर्न सक्ने उनको अद्भूतको क्षमता थियो । (बुवा कमलनाथ बाट प्राप्त जानकारी) थोरै समयको औपचारिक अध्ययन त्यसपछि गोठाले जीवन विताउदै २०१७ सालसम्म बित्यो । त्यस समयमा उनका ठूलो बुवा रामचन्द्र ज्योतिष विधामा विशेष निपुण मानिन्थे । गोठालोमा उनी संगैको यात्रा जगन्नाथको लागि ज्योतिष विधामा ज्ञान हासिल गर्ने महत्वपूर्ण मौका बन्यो । धुलोटबाट लेखिएका कठिन गणितीय हिसाबहरूको अभ्यास पनि उनले यस समयमा गरे । यसले उनलाई शैक्षिक क्षेत्र पट्टी चासो जगायो । धार्मिकशास्त्रहरुको अध्ययन, ज्योतिष विधाको सामान्य अध्ययन एवं पारिवारिक साहित्यक माहौल तर पूर्णता कुनै विषयमा पनि भएन । उनी आफूले अध्ययन सुरु गरेको विषयको गहिराइमा पुग्न चाहन्थे । यही क्रममा २०१७ सालमा उनलाई असाध्यै माया गर्ने हजुरआमाको निधन भयो । त्यसपछि उनलाई घरमा बस्न मन लागेन र भरतमणि नेपालसंग काठमाडौं आएर २०१८ सालमा दरबार हाइस्कूलमा भर्ना भए । २०१८ साल देखि २०२१ सालसम्म उनको अध्ययन यही वित्यो । कक्षा ८ सम्म उत्तीर्ण गरी उनी फेरि भरतमणिकै संगतले बनारस पुगे बनारसमा उनले २०३६ सालसम्म विताए । उस क्रममा साहित्य दर्शन र वेदान्तमा सम्पूर्णानन्द संस्कृत विश्व विद्यालयबाट आचार्य गरेका आचार्यले राजनीतिशास्त्रमा गोरखपुर बाट वि.ए सम्मको अध्ययन पूरा गरेका छन । गीता दर्शनमा मध्यमा सम्मको अध्ययन बनासर हिन्दु विश्व विद्यालयबाट पूरा गरेका थिए । (शोधनायकबाट प्राप्त जानकारी)

अध्ययन क्रममा २०२२ देखि ०२६ सालसम्म प्रदीप गिरीसँगको संगतले राजनीतिमा चासो राख्ने बनायो । उनले त्यतिबेला गान्धीका पुस्तकहरुको अध्ययन गहिरोसंग गरेका थिए । साथै विश्व राजनीति सम्बन्धमा समेत यिनको रुचि बढ्न थालेको थियो । पछि २०२६ सालमा पुष्पलाल संगको भेटले पुनः यिनको विचारलाई कम्युनिष्ट विचार तर्फ

धकेल्यो । **यो हो सोभियत रुस** पुस्तकबाट सबै भन्दा बढी प्रभावित भएका आचार्य सोही पुस्तकको प्रेरणाले कम्युनिष्ट आन्दोलनमा आकर्षित भएका थिए । २०२८ सालमा मदन भण्डारी संगको संगतले र अध्ययनले कम्युनिष्ट नेता समेत भइसकेका थिए आचार्य ।

### २.१.४. साहित्यिक प्रेरणा र प्रभाव

गाउँ घरमा विभिन्न उत्सव, मेला, पर्व, हुँदा रामायण, महाभारतका मिठा श्लोकहरु गाउने प्रचलनबाट आचार्य विशेष प्रभावित थिए । उनको कलिलो बाल मस्तिष्कमा आफ्नै हजुरआमाले बेलुका श्रीकृष्ण चरित्र, महाभारत, रामायणका कथा भन्दा छुट्टै तरंङ पैदा हुन्थ्यो । हजुरआमा आफू मात्र होइन छोरा नातिहरूलाई समेत कथा, गीत भन्न प्रेरित र उत्साहित गर्नुहुन्थ्यो । त्यही सन्दर्भ कवि आचार्यबाट साहित्य अंकुरणमा बीज बन्यो । गाउँ घरका थिचोमिचो, अन्याय र शोषणबाट उनी निकै चिन्तित हुन्थे । स्थानीय सोझा माझी समुदायका र बाह्रै महिना दश नंग्रा खियाउदा पनि हातमुख जोर्न मुश्किल मान्छेहरूको बारेमा निकै दुखित हुन्थे । साथी भरतमणि नेपाल र बनारसको वातावरणले उनको लेखन यात्रामा प्रगतिवादी रंग भऱ्यो । नेपाली कम्युनिष्ट आन्दोलनका शिखर पुरुष पुष्पलाल संगको भेट र प्रेरणा कवि युद्ध प्रसाद मिश्र, गोविन्द ज्ञवाली, मोहन चापागाँइ, केवलपुरे किसान, गोपिरमण उपाध्याय, मोदनाथ प्रश्रित आदि लेखकहरुको संगतले थप हौसला पाएका कवि आचार्य नेपाली कम्युनिष्ट आन्दोलनका पथप्रदर्शक मदन भण्डारीको लामो सर संगतबाट र भण्डारीको काव्य चमत्कार र व्यक्तित्वबाट विशेष प्रभावित थिए । उनले पढेका **'यो हो सोभियत रुस'** पुस्तक पहिलो राजनीतिक पुस्तक थियो ।

### २.१.५. ब्रतबन्ध

जगन्नाथ आचार्य, घर परिवार सबैको प्यारो हुनाले र रहरको सन्तान भएकोले उनको कर्मकाण्डकोलागि घरका सबैजना उत्सुक थिए । यही क्रममा उनको ब्रतबन्ध २०११ साल फागुन १० गते बाजागाजा सहित धुमधामसित भएको थियो । सबै गाँउलेहरूलाई आमन्त्रण गरी भव्य भोजको आयोजना गरिएको थियो । (बुबा कमलनाथ आचार्यसँगबाट)

### २.१.६ विवाह तथा पारिवारिक जीवन

२०१३ सालमा ९ वर्षको उमेरमा उनको विवाह भएको थियो । विवाहको वारेमा सबै कुरा बुझ्नै नसक्ने समयमा उनको विवाह भएको थियो । परिवारले गरिदिएको उनको विवाहमा सबै विषय उनलाई पनि थाहा थिएन तर त्यतिबेला उनलाई खुव रमाइलो भएको थियो । राम्रा कपडामा सजिएर हिडेको घरगाउँलेले श्लोक भनेको त्यसमा आफूले पनि सहभागिता जनाएको र भोज खाएको जस्ता रमाइला कुरा भने उनलाई सम्झना छ । सि.पा, बाँसवारीकी छ वर्षीया बालिकासँग उनको विवाह भएको थियो । सुरुमा उनीहरु खेल्ने रमाइलो गर्ने, कहिले झगडा गर्ने गर्थे । श्रीमान श्रीमती भन्ने नै थाहा थिएन । आफ्नो श्रीमती भन्ने कुरा उनले २०२० सालमा मात्र थाहा पाएका थिए ।

### २.१.७. पारिवारिक स्थिति

#### २.१.७.१. परिवार र तिनको अवस्था

परिवार र तिनको २०२५ सालमा उनकी जेठी छोरी जन्मिएकी थिइन । त्यसपछि लगातार तीन छोरी सुशीला, कविता, र जमुना अनि फेरि लगातार तीन छोरा ज्योतिष, पारस, र खगोल जन्मिएका थिए । छोरीहरू सुशीला र कविता काठमाडौंमा आफ्नो परिवारसँग व्यापार व्यावसाय चलाउछन् भने कान्छी छोरी सिन्धुपाल्चोक जिल्लाकै नवलपुर गा.वि.स.मा घरजम गरी बसेकी छन् । छोराहरू ज्योति र खगोल घर हेर्नुका साथै अध्ययनलाई समेत निरन्तरता दिंदै आएका छन् । उनीहरू क्रमशः स्नातकोत्तर र स्नातक तहमा अध्ययन गरिरहेका छन् ।` पारस स्नातक तहको अध्ययनका अतिरिक्त कलाकारितामा समेत लागेका छन् । (परिवारजनबाट प्राप्त जानकारी )

जगन्नाथ आचार्यको पारिवारिक जीवन सुमधुर एवं प्रेमपूर्ण रूपमा वितिरहेको छ । जगन्नाथ र उनकी श्रीमतीको विचमा राम्रो समझदारी पनि छ । श्रीमती पूर्णत गृहिणी हुन् । पारिवारिक जीवन कस्तो छ ? भनी सोधिएको प्रश्नमा उनी भन्छन "एउटै छाप्रो मुनि बसेपछि कहिलेकाही सामान्य खटपट हुनु स्वाभाविक कुरा हो तर पनि हामी एक अर्कालाई बुझेर दुख सुखका सारथी बनेका छौं । उनी घरका कामकाजलाई सकेसम्मको मद्दत गर्छिन । यसरी सुखद वातावरणमा पारिवारिक जीवन अघि बढीरहेको छ "।

#### २.१.७.२. आर्थिक अवस्था

सामान्य किसान परिवारमा जन्मिएका जगन्नाथ आचार्यको आर्थिक अवस्था सामान्य मध्यम वर्गीय छ । खेतीपाती, समाजसेवा, साहित्य साधनालाई आफ्नो मूल पेशा बनाएका आचार्य २०३० सालको समयमा नै दुई विषयमा आचार्य गरेर पनि त्यसपछिको जीवनमा खास आर्थिक उन्नती गर्न नसकेका व्यक्तिमा पर्दछन । यसमा उनको आर्थिक अनुशासन एवं तत्कालीन पञ्चायती शासनमा जनताको सेवा गर्न छोडेर आफ्नो मात्र सेवा नगर्ने स्वभावले प्रमुख रुपमा काम गरेको छ । चाकडी चाप्लुसी बाटै टाढा रहने उनको आर्थिक उपार्जन पट्टी कुनै ध्यान दिएको पाइदैन । हाल उनी आफ्नो पुर्ख्यौली सम्पत्तिबाट नै आफ्नो जीवन चलाइरहेका छन (परिवारबाट प्राप्त जानकारी)

#### २.१.७.३ बसोवास

जगन्नाथ आचार्य पुर्खौदेखिको आफ्नो मूल थलो सि.पा वाडेगाउँ ४ सिपा धुसेनीमा बसोवास गर्दै आएका छन । अस्थायी रूपमा ३ वर्ष काठमाडौं १५ वर्ष बनारस बसेका आचार्य हाल स्थायी रूपमा जन्मथलो मै बसोबास गर्दै आएका छन ।

#### २.१.७.४ सामाजिक अवस्था

जगन्नाथ आचार्य सानै उमेरदेखि सामाजिक रूपमा हुने शोषण देखेर अत्यन्तै नमिठो अनुभूति गर्दथे । यही किसिमको अनुभूतिले पछि सम्म पनि उनलाई प्रभावित गर्यो । गाउँघरमा ठूलो संघर्ष गर्नुपर्‍यो । सामाजिक आन्दोलनको रुपमा

अगाडि बढ्दै जाँदा एक ब्राह्मण परिवारको भएर पनि २०३० सालमा घर फर्केर हलो जोत्दा ठूलो सामाजिक रूपमा हलचल भएको थियो । अन्धविश्वासी र रुढीग्रस्त तत्कालीन समाजमा जगन्नाथ जस्ता परिवर्तनकारी पक्षपाती व्यक्तित्वहरु आँखाका कसिंङ्गर बने । त्यसलाई पनि पर्वाह नगरी उनी आफ्नो लक्ष्यमा निरन्तर रूपमा अघि बढे । गाउँघरमा हुने हरेक सार्वजनिक एवं निजी कामको अगुवाइ उनै जगन्नाथले गरिरहेका हुन्थे , उमेरले विस्तारै नेटो काट्दै गर्दा पनि उत्तिकै जोस र आँट, साहसका साथ हिम्मतदार बनेर सामाजिक सेवामा जुट्छन जगन्नाथ आचार्य ( हरिप्रसाद तिमल्सिना स्थानीयबासी) कमजोर र निम्न वर्ग, असहायलाई सहयोग नै समाजसेवा ठान्ने र जातपात र छुवाछुतलाई ऐतिहासिक कालखण्डदेखि चलिआएको हिन्दु पुर्खाको ज्यादतीको चरम रूप मान्छन । यस्ता विकृति हटाएर स्वच्छ समाजको निर्माणमा जुट्ने उनी समाजमा उपेक्षित र निरीह जनताको सेवा गर्न पाउँदा आफूलाई धेरै खुसी लाग्ने कुरा बताउछन । (शोधनायक बाट प्राप्त जानकारी)

### २.१.८. रुचि र स्वभाव

सानैदेखि समूह बनाएर त्यसको नेतृत्व गर्ने जगन्नाथ आचार्य फूर्तिला र जाँगरिला थिए । जुनसुकै काममा पनि मन लगाएर गर्ने उनको बानी थियो । त्यही बानी हाल सम्म कायमै छ । जो घमण्डी र नचाहिँदा फुर्ति लगाएर धाक रवाफ देखाउछ उसलाई कहिल्यै नछाड्ने बानी उनको छ । विचार, बलले जुनसुकै कुरामा पनि उनी पछि पर्दैनन् । यस क्रममा उनले पञ्चायत कालीन गुण्डाहरूबाट निकै प्रताडना सहनु परेको थियो तर कहिल्यै शिर झुकाउने उनको बानी थिएन । मित्रहरूसँग असाध्यै नरम र साथ सहयोग दिन हरपल तत्पर उनी अन्यायी र अत्याचारीसँग कडासँग जुध्ने गर्थे ।

२०२२ सालमा प्रदीप गिरीसँगको निकटतासँगै उनले गान्धीका विचारसँग साक्षात्कार गर्ने मौका पाए । उनी गान्धीवादबाट निकै प्रभावित भएका थिए । सादा जीवन उच्च विचार उनको जीवनको मूलभूत जीवनसुत्र हो । सामान्य तर सफा पहिरनमा हिड्ने उनलाई खानामा पनि साधारण नेपाली खाना विशेषत सागसब्जी बढी मनपर्छ । तर उनको मिठो नभएर फिर्ता गरेको उदाहरण कहिल्यै छैन । (श्रीमतीबाट प्राप्त जानकारी) दैनिक एउटा न एउटा सामाजिक काम नगरी चित्त नबुझ्ने जगन्नाथ कहिले चौतारो सफा गर्छन कहिले पधेरो त कहिले बाटोघाटो बनाउन हिड्छन । विहान ४ बजे उठेपछि आफ्नो नित्य कर्म त्यसपछि अध्ययनमा बस्ने उनी कहिले विहानै विताइदिन्छन दुई श्लोक मात्र भनेपनि लेख्न थाल्छन । कहिले २ घण्टा मात्र त्यसपछि अन्य काममा अघि सर्छन । उनी घरायसी कुनै कामलाई पनि बोझको रूपमा लिदैनन । अध्ययनमा उनलाई सबैभन्दा मनपर्ने विषय दर्शन हो । समाजशास्त्र, लोक साहित्य, लोकगीत, जीवनी, कविता जस्ता विषय जगन्नाथ आचार्यका मनपर्ने विषयहरू हुन् । पछिल्लो समयमा अर्न्तमनका कथा जगदिश घिमिरेको कृतिले बढी मन छोएकोले धेरै पटक पढिसकेका छन् । (शोधनायकबाट प्राप्त जानकारी ) कविता वाचनमा विशेष रुचि भएका आचार्य लोकगीत गायन पनि गर्ने गर्छन । उनलाई प्रभावित पारेको पंक्ति पढ, पढ, पढ, जान, जान, जान, ज्ञान गर, ज्ञान गर, ज्ञान गर हो

भावुक एकान्तप्रेमी र चिन्तनशील स्वभावका आचार्यमा तडकभडक र अंहकार पटक्कै छैन । उनी मिलनसार, सहयोगी, एकान्तप्रेमी र चिन्तनशील स्वभावका छन् । यही गुणबाट आचार्य इष्टमित्रहरू एवं आफन्तहरू माझ लोकप्रिय छन् । (उनका निकट मित्र केदारनाथ आचार्यबाट प्राप्त जानकारी)

### २.१.९. कार्यक्षेत्र तथा आजीविका

जगन्नाथ आचार्यले अध्ययनको क्रममा साहित्य दर्शन र वेदान्तमा आचार्य गरेपछि आफै पढेको हिन्दु विश्वविद्यालयमा २ वर्ष अध्यापन गरेका थिए । त्यसपछि नेपाल भित्रिएका उनले सरकारी जागिर बहिष्कार गरेका थिए । २०४० सालमा तत्कालीन पञ्चायती मन्त्री नेत्रविक्रम थापाले अनेक प्रलोभनका साथ सरकारी सेवामा प्रवेश गर्न गरेको आग्रहलाई उनले ठाडै अस्वीकार गरेका थिए । यस कार्यबाट पारिवारिक रूपमा समेत उनी आलोचित बने तर यसबाट अलिकति पनि विचलित नभइ तत्कालीन नेकपा मार्क्सवादीमा क्रियाशील भई रहे । सरकारी सेवा, शिक्षण, प्राध्यापनलाई उनले अस्विकार गरी सामाजिक परिवर्तनकालागि गाउँ देखि नै संघर्ष र रुपान्तरण गर्दै अघि बढ्ने उनको जीवन दर्शनदेखि कहिल्यै थाकेनन । २०४७ सालमा भएको नेकपा मा. र मालेको एकीकरण पछि जिल्ला स्तरीय राजनीतिमा बढी नै क्रियाशील भए र २०५४ सालको स्थानीय निर्वाचनमा जिल्ला विकास समिति सि.पा को सदस्यमा निर्वाचित भए र समाज विकास एव सामाजिक कार्यमा निरन्तर क्रियाशील भए । पछिल्लो समयमा उनी प्रगतिशील लेखक संघ केन्द्रीय प्रतिनिधि र जन साहित्य मञ्चका केन्द्रीय सदस्य छन ।

### २.१.१०. बहुभाषा ज्ञान

साहित्य अभिव्यक्तिको सशक्त माध्यम भाषा हो । भाषालाई खेलाउन सक्ने तथा भाषामा अधिकार जमाउन सक्ने व्यक्ति नै बढी सफल देखिन्छन् । जगन्नाथ आचार्यको मातृभाषा नेपाली भएकोले र अध्ययनको सुरूवातदेखिको माध्यम संस्कृत भएकोले नेपाली र संस्कृत दुवै भाषाको राम्रो ज्ञान आचार्यलाई छ । यसका साथै लामो समय बनारस बस्दा हिन्दी, अंग्रेजी, बंगाली र अवधी भाषामा समेत उनको सामान्य ज्ञान रहेको छ ।

### २.१.११. भ्रमण

भ्रमणले मानिसलाई वास्तविक शिक्षा दिन्छ र चेतनाको स्तरवृद्धिमा सहयोग पुऱ्याउछ । भ्रमणको काममा उनी चीनको ल्हासासम्म पुगेका छन् भने भारतका प्राय सबै प्रान्तमा पुगेको बताउछन् । नेपाल भित्रका करिव ६० जिल्लाको भ्रमण उनले सम्पन्न गरिसकेका छन । (शोधनायकबाट प्राप्त जानकारी)

### २.१.१२. प्रकाशित कृति

जगन्नाथ आचार्यको हाल सम्म प्रकाशित कृति समय स्वर कविता संग्रह (२०६५) हो । यस कविता सङ्ग्रहमा उनका ७६ कविता सङग्रहित छन् । उनको समय स्वर भाग २ प्रकाशोन्मुख अवस्थामा रहेको छ । यसको साथै विभिन्न दर्जनौं पत्रिकाहरूमा उनका कविताहरू प्रकाशित भएको पाइन्छ ।

दोस्रो परिच्छेद

# जगन्नाथ आचार्यको व्यक्तित्व

## २.२.१.बाह्य व्यक्तित्व

### २.२.१.१ शारीरिक तथा निजी व्यक्तित्व

मझौला कद सुगठित पातलो शरीर, ६ दशक पार गरिसक्दा पनि उत्तिनै फूर्तिला, आँटिला, जोशिला देखिने आचार्य सरलतालाई पछ्याउछन् । सामान्य पहिरन, खाना नै उनलाई मनपर्छ । सचेतता, विद्धता, लगनशीलता, कर्मशीलता, नम्रता जस्ता गुणबाट उनी निपुण छन । साथै मिठो स्वरका धनी पनि । तडक भडक र आडम्बरबाट उनी सँधै टाढा छन् । आफ्नो व्यक्तिगत स्वार्थलाई तुच्छ र सामूहिक हितका निमित्त आफ्नो सर्वस्व अर्पण गर्न सक्ने यी पुरुष साँच्चै साहित्य र राजनीतिकर्मीका समेत आदर्श पात्र हुन । हाल नेपाली राजनीतिको अग्रस्थानमा रहेका धेरै नेता, कर्मचारीसँग कुनैबेला अत्यन्त निकट सम्बन्ध स्थापित गरेका आचार्य त्यसबाट कुनै व्यक्तिगत लाभको अपेक्षा नगरी कमजोर र जेनतेन निर्वाहमुखी जीवन व्यतीत गरेर त्यसमै खुसी देखिनुले उनको त्याग र निःस्वार्थी जीवनको पुष्टि गर्दछ ।

पाँच फिट तीन इन्च उचाइ भएका कालो वर्णका जगन्नाथ आचार्यको शारीरिक व्यक्तित्वलाई नियाल्दा सामान्य नेपालीको बाह्य व्यक्तित्व अनुरुप कै देखिन्छ । फुलिसकेको सेतो कपाल अनि सेतै दारीमा देखिने आचार्य पातलो जीउडालका छन् । सानै उमेरमा उनको हात आगोले पोलेका कारण दाहिने हातले छिटो लेख्न सक्दैनन । सचेतता, लगनशीलता, विद्धता, कर्मशीलता, नम्रता जस्ता चारित्रिक विशेषताले धनी यिनी स्वाभिमानी छन् । साना ठूला सबैसँग उत्तिकै शिष्ट व्यवहार गर्ने यिनी सबैका प्रिय छन् । तडकभडक र आडम्बरदेखि टाढा रहेर सरल र सादा जीवन विताउने यिनी शालीन व्यक्तित्वका धनी देखिन्छन । प्राय गम्भीर मुद्रामा रहने स्वभाव भए पनि मुदुभाषी र आत्मीयपनले सबैलाई प्रभावित पार्ने खुवी यिनमा रहेको छ । यिनी जिन्दगीमा अनेकन पीडा र वेदनाहरू पिएर पनि हाँसेर बाच्ने र आफ्नै मनोदशामा बग्न रुचाउने व्यक्ति हुन् ।

“मैलै पढेका सिन्धुपाल्चोकका कविहरूमा पण्डित जगन्नाथ आचार्यलाई पथ प्रदर्शक पाएको छु र उनको व्यवहारलाई अनुसरण योग्य ठानेको छु । यी कवि ढाट्दैनन्, छलकपट गर्दैनन् । सोझा, सीधा, सरल स्वभावका कवि जगन्नाथ आचार्य अर्कालाई गाली गलौज गर्दैनन् । राजनीति क्षेत्रमा पनि चासो राख्दै आएका यी कविलाई अर्कालाई पछारेर आफू माथि चढ्ने कला बारे थाहा छैन । (न्यौपाने चन्द्र प्रसाद, २०५६ सिन्धु साहित्य इतिहासः पृ ४४ ) समग्रमा जगन्नाथ आचार्यको सादा जीवन र उच्च विचारले उनको व्यक्तित्वलाई उच्च बनाएको छ ।

## २.२.२. आन्तरिक व्यक्तित्व

### २.२.२.१ कवि व्यक्तित्व

जगन्नाथ आचार्यको नेपाली कविता क्षेत्रमा विशिष्ट योगदान छ । चोटिला र असाध्यै विद्धताले तिखारिएका कविता लेख्ने कविको कवि व्यक्तित्वका सम्बन्धमा चन्द्रयुग बृहत्तर महाकाव्यका रचनाकार चन्द्रप्रसाद न्यौपाने भन्छन् वर्णिक छन्दमा कविता लेख्दै आएका कवि जगन्नाथ आचार्य एक धुरन्धर विद्वान् नै हुन देवीदत्त पराजुली र रेवती रमण न्यौपाने पछाडिका विद्धान् कविका रुपमा यिनलाई लिन सकिन्छ ।

न्यौपाने चन्द्र प्रसाद, २०५६, सिन्धु साहित्य इतिहास, उमेद छापाखाना चौतारा । समय स्वर अतिरिक्त अन्य पत्रपत्रिकाहरूमा उनका दर्जनौ कविता प्रकाशित भएका छन ।

### २.२.२.२. कविता वाचन/गायन

जगन्नाथ आचार्य सुरिलो स्वरका धनी छन् । उनको कर्णप्रिय स्वरमा कविताको स्तर अझ बढ्भ्कै लाग्दछ । हरेक सभा समारोहमा मन्त्रमुग्ध बनाउने आचार्यको उपस्थितिले दर्शकहरू कविता सुन्न लालयित हुन्छन् । वाचनको क्रममा अग्रजहरूको एक दुई हरफ भनेर उनीहरूलाई सम्मान गरेपछि मात्र आफ्नो कविता वाचन गर्न थाल्छन् । कविता वाचनको क्रममा उनी ढल्की सकेको उमेरमा पनि उही तन्नेरी जोस निकाल्छन् । उनलाई धेरै कविता अहिले पनि कण्ठ छन् । उनको कविता वाचन र कण्ठ गर्न सक्ने क्षमताको बारेमा लेखक देवी नेपाल भन्छन् "जगन्नाथ आचार्य भित्र दर्जनौ स्रष्टाहरूका दर्जनौ कविता सङग्रह, खण्डकाव्य र महाकाव्य लुकेका छन् । आफ्नो रचनाको कुनै दोष नदेख्ने अरुका रचना नै नपढ्ने र पढे पनि अनावश्यक खोट देखाउने हाम्रो संकृतिका अगाडि कवि जगन्नाथ आचार्यको जीवन आफैमा एउटा चोटिलो व्यङ्ग्य बनेको छ किनभने उनी आफ्ना रचना बरु कण्ठस्थ सुनाउन सक्दैनन तर अरूका रचना मुखाग्र सुनाउछन्" । (सं.नेपाल देवीः २०६८, शब्दचित्रमा कवि जगन्नाथ आचार्य)

संस्कृत छन्दका रसामृत पाउ श्लोकहरूमा रमाउने कवि जगन्नाथ नेपालका प्रतिष्ठित अधिकांश कविताहरूका राम्रा राम्रा कविता मुखाग्र सुनाउछन् । यिनलाई संस्कृत भाषाका गीता लगायत अन्य धेरै पुस्तकहरूका प्रशस्त श्लोक कण्ठ छन् । उनी अन्ताक्षरी श्लोक गाउन माहिर मानिन्छन् । आदिकवि भानुभक्त आचार्यको जेल कवितालाई असाध्यै रुचाउने कवि जगन्नाथ महाकवि लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तला महाकाव्यका धेरैजसो श्लोकहरू मुखाग्रै सुनाउछन् । लेखनाथ पौडेका तरुण तपसी, ऋतुविचारबाट प्रभावित आचार्यलाई युद्धप्रसाद मिश्रको मुक्ति रामायण पनि झण्डै झण्डै कण्ठ छ । आफूले सिर्जना गरेका प्राय कविताहरू भनेको बेलामा कण्ठै सुनाउन सक्ने यी कवि आफूभन्दा पछाडिका कविका कविताहरू पनि कण्ठै सुनाउन सक्छन् । यो विशेषता नै उनको पहिचान हो । -न्यौपाने चन्द्रप्रसाद २०५६, सिन्धु साहित्य इतिहास पृष्ठ ४६)

### २.२.२.३. सम्पादन व्यक्तित्व

जगन्नाथ आचार्यको व्यक्तित्व कवि र वाचन कलामा जति सशक्त छ सम्पादन कलामा पनि त्यत्तिकै सशक्त छ । कवि जगन्नाथ २०२९ सालमा बनारमा गठित छात्र परिषदबाट प्रकाशित हुने र मदन भण्डारी प्रधान सम्पादक रहेको ऐतिहासिक महत्व बोकेको छात्रप्रभा पत्रिकाको प्रकाशन उपसमितिका संयोजक समेत रहेका थिए । यसरी नै २०३१/३२ मा बनारसबाट नै प्रकाशित हुने मिर्मिरे पत्रिकाको अंक २ को सम्पादन पनि जगन्नाथ आचार्यले नै गरेका हुन् । तत्कालीन नेपाली समाज र राजनीतिको प्रतिविम्ब बनेर आउने साहित्य र समसामयिक लेखहरू छापिने उक्त पत्रिकाको स्तरीयता र गरिमासँग जगन्नाथ आचार्यको सम्पादन कला पनि जोडिएको छ । (नेपाल देवी, २०६८ शब्दचित्रमा कवि जगन्नाथ आचार्य) पछि सिन्धुपाल्चोकबाट बनारस गई पढ्ने तत्कालीन युवाहरूको प्रयत्नमा प्रकाशित लालुपाते (२०३९) पत्रिकाको समेत २ अंक सम्म सम्पादन गरेको पाइन्छ । यसरी हेर्दा उनले सम्पादन गरेका पत्र पत्रिकाहरू निम्नानुसार छन् ।

छात्रप्रभा - २०२८ (बनारसबाट प्रकाशित)

मिर्मिरे - २०३२ (बनारसबाट प्रकाशित)

लालुपाते -२०३९ (सिन्धुपाल्चोक जिल्लाबाट प्रकाशित)

### २.२.२.४.राजनीतिक व्यक्तित्व

जगन्नाथ आचार्य बनारसमा पढ्ने क्रममा भएको संगतले राजनीतितर्फ समेत आकर्षित भएका थिए । २०२२ देखि २०२६ साल सम्म नेता प्रदीप गिरीको संगत, २०२७ देखि मदन भण्डारीसँगका संगतले यिनलाई विशेष रूपमा राजनीति तर्फ आकर्षित गऱ्यो । प्रदीप गिरीको संगतले नेपाली कांग्रेससँग नजिक रहेका उनी पछि भरतमणि नेपालसँग भेट भएपछि **यो हो सोभियत रुस** पुस्तक पढेका थिए र सोही पुस्तकको प्रभाव उनमा अधिक रहेको थियो ( शोध नायकबाट प्राप्त जानकारी) । २०२५ साल पछि पुष्पलाल, मोदनाथ प्रश्रित, गोविन्द ज्ञवालीसँग उनको भेट भयो र सम्पर्क बढ्न थाल्यो । यही क्रममा उनले बनारसको जगदम्बा धर्मशालामा रु.५ तिरेर नेपाल कम्युनिष्ट पार्टीको सदस्यता लिएका थिए । २०२६/२७ सालमा वामपन्थी विद्यार्थीहरूको प्रतिनिधित्व गर्दै बनारसको छात्र परिषदमा शिक्षा मन्त्री बन्न पुगेका जगन्नाथ त्यस परिषद्को उपाध्यक्ष समेत बने । पुष्पलालको विचार, युद प्रसाद मिश्र र मोदनाथ प्रश्रितको साहित्य र मदन भण्डारीसँगको सहयात्रा तत्कालीन देशको अवस्था र बनारसमा हुने राजनीतिक चहलपहल आदिबाट प्रत्यक्ष प्रभावित आचार्य पूर्ण रूपमा कम्युनिष्ट पार्टी तिर झुकाव राख्न थालेका थिए । फलस्वरुप उनले २०२८ मा नेपाल कम्युनिष्ट पार्टीको सक्रिय सदस्यताका लागि निवेदन दिए र २०२९ मा तत्कालीन प्रवास क्षेत्र हेर्ने पार्टी नेता बलराम उपाध्ययबाट सक्रिय सदस्यता प्राप्त गरे त्यसपछि २०२९ सालमा मोदनाथ प्रश्रितको अध्यक्षतामा गठन भएको नेपाल प्रगतिशील अध्ययन मण्डलको संस्थापक सदस्य हुदै २०२९ मा नै पुष्पलालद्वारा आयोजित जनवादी सांस्कृतिक संघमा अञ्चल स्तरीय सदस्यमा छनोट भए । यहीबाट उनको राजनीतिक समर्पण र त्यागको यात्रा सुरु भयो । २०३२/३३ तिर नेपालमा निरङ्कुश पञ्चायती व्यवस्था झन निरङ्कुश बन्दै थियो । त्यस बेलाका

गृहमन्त्री शैलेन्द्रकुमार उपाध्यय बनारसको भ्रमणमा गएका थिए । त्यस बेलामा बनारसमा रहेका प्रजातन्त्रवादी एवं क्रान्तिकारी विचार बोक्ने विद्यार्थीहरूका तर्फबाट गृहमन्त्रीलाई कालो झण्डा देखाउदा जगन्नाथ आचार्यले चार दिन जेल बस्नुपऱ्यो । यसरी नै २०३६ मा राजा वीरेन्द्रलाई कालो झण्डा देखाउँदा पन्ध्र दिन जेल बस्नुपऱ्यो । यसभन्दा अगाडि नै २०२८ मा सिन्धुपाल्चोक घर आएका बेलामा जिल्ला प्रशासनबाट वारेन्टेड भएपछि २०३२ देखि गाउँमा आएर शिक्षा र समाजसेवा गर्ने उनको उद्देश्य पूरा भएन । त्यसैले २०३६ सालसम्म बनारसमा बस्नुपरे पनि बेला बेलामा गाउँ फर्किएर राजनीतिक चेतना र जागरणको कामलाई भने उनले निरन्तरता दिए । (२०३१) मा बनारसमा गठन गरिएको लालुपाते सांस्कृतिक समितिलाई सिन्धुपाल्चोकमा पुनर्जीवन दिएर उनी घुमाउरो बाटोबाट राजनीतिक जागरणको कार्यमा सक्रिय हुन थाले । रामायण पढ्ने निहुमा भित्रभित्रै युद्धप्रसादका कविताहरू, मोदनाथ प्रश्रितका देवासुर सङग्रामका विभिन्न अंशहरू वाचन गरेर सामान्य जनतालाई पनि राजनीतिक चेतना र जागरणको सन्देश दिन थाले । यस बेलामा कवि जगन्नाथ आचार्य अर्धभूमिगत राजनीतिक जीवन बिताउदै थिए ।

२०३६ मा बनारसबाट सिन्पाल्चोक फर्किएपछि उनी संगठन कमिटीको सदस्य बनेर सक्रिय राजनीतिक जीवन बिताउन थाले । २०४६ मा नेकपा (मार्क्सवादी) र नेकपा -माले) को एकीकरण भएर नेकपा (एमाले) बनेपछि उनी सिन्धुपाल्चोक जिल्ला कमिटीको सदस्य र राष्ट्रिय जनसांस्कृतिक मञ्चको जिल्लाको संयोजक समेत बने । २०५४ मा जिल्ला विकास समितिको सदस्य समेत बन्न पुगेका जगन्नाथ आचार्यको राजनीतिक आस्था र विश्वासमा कहिल्यै निराशा उत्पन्न भएन र पटकपटक अनेकौं आश्वासन, प्रलोभन र धम्कीहरू आए पनि उनको विचारको धरहरालाई हल्लाउन सक्ने सामर्थ्य कसैको थिएन । त्यसैले जगन्नाथ आचार्य आस्था र विश्वासका अटल पहाड हुन्, विचार र व्यहारका ज्वलन्त उदाहरण हुन र स्वार्थका पछि दौडने वा बलेको आगो ताप्न अघि सर्ने क्रान्तिकारी मित्रहरूकालागि एउटा चुनौती पनि हुन् (नेपाल देवी, शब्दचित्रमा जगन्नाथ आचार्य)

पढेपछि जागिर खानुपर्छ, राजनीतिमा लागेपछि पैसा कमाउनुपर्छ र पार्टीको सदस्यता लिनासाथ कतै न कतै लाभको पदमा नियुक्ति पाउनुपर्छ भन्ने विचारका अनुयायीहरूका अगाडि जगन्नाथ आचार्य मूर्ख जस्ता लाग्छन् । उनले नेपाली राजनीति र नेपाली जीवन पद्धतिलाई पटक्कै नबुझे जस्तो लाग्छ । कतिपयले त उनलाई क्षमता नभएको वा ढोंगी पनि भन्न सक्छन् । बाहिरी आँखाले हेर्दा २०३६ अगाडि नै राजनीतिशास्त्र र समाजशास्त्रमा स्नातक उर्त्तीण गरिसकेको र दुई विषय (साहित्य र वेदान्त) मा स्नातकोत्तर (आचार्य)शिक्षा हासिल गरिसकेको व्यक्ति जागिर विहीन रहनु वा कतै जागिर खाने प्रयत्न नै नगर्नु अनौठो जस्तो लाग्छ तर आज जगन्नाथ आचार्यले जुन उचाइ र जुन सद्भाव सबैबाट प्राप्त गरेका छन्, त्यसको कारण उनको त्याग र राजनीतिक एवं साहित्यिक समपर्ण नै हो । कमाउ र प्रदर्शन गरको संस्कृति विकास भएर त्यागको संस्कृति छायाँमा परेको हुनाले यो देशमा जगन्नाथ आचार्यहरूको तत्काल कुनै मूल्य देखिदैन तर दुईचार वर्ष पार्टी नेताहरूका पछि लाग्नासाथ ठूलाठूला पदहरू ताक्ने, मन्त्री वा जी.एम. हुन खोज्ने र पार्टीले सही मूल्याङ्कन नै गरेन भन्दै विचारको डेरा सरिरहनेहरूका लागि जगन्नाथ आचार्य विचारका एउटा विशाल

सगरमाथा हुन जसको उचाइलाई प्राप्त गर्न ती अवसरवादी पाइलाहरू जहिल्यै असमर्थ हुन्छन् र तिनका कृत्रिम वैचारिक शिरहरू उनका अगाडि जहिल्यै लाजले झुकिरहन्छन् ।

### २.२.२.५. सामाजिक व्यक्तित्व

जगन्नाथ आचार्यको जीवन साहित्य र राजनीतिका माध्यमबाट समाज सेवामा समर्पित रहेको छ । साहित्यको माध्यमबाट सामाजिक परिवर्तनको अगुवाइ गर्ने काम आचार्यले गरेका छन् । उनका साहित्यिक रगंहरूले सामाजिक बेथितिहरू मथि दरिलो व्यङ्ग्य एवं त्यस्ता विकृतिहरू विरुद्ध एकतावद्ध भएर सघर्षमा अगाडि बढ्न आचार्यले आग्रह गरेका छन् । यसबाट उनी सामाजिक साहित्यिक अगुवा हुन भन्न सकिन्छ । राजनीतिका माध्यमबाट समेत सकेको सामाजिक नेतृत्व गर्नेकाम आचार्यले गरेका छन् । गाउँघरमा गरेको समयमा जो सुकैलाई जस्तो सहयोग गर्नुपरे पनि आचार्य पछाडि पर्दैनन् । जुनसुकै सार्वजनिक काम होस् आचार्य आफै अघि सरेका हुन्छन् । उनको छ दशक नाघेको उमेरको जोशले जोसुकै युवालाई पनि आकर्षित गरेको हुन्छ । (कृष्ण आचार्य स्थानीयबासी) दैनिक कुनै न कुनै सामाजिक कार्य नगरी उनलाई चित्त बुझ्दैन । अरू केही काम भएन भने चौतारीमा एउटा ढुंगो थप्ने कार्य मात्र भए पनि नगरी उनलाई सन्तुष्टि हुदैन । (रामचन्द्र तिमल्सिना वाडेगाउँ ४) यही समाजसेवाको भावनाको कारणले गर्दा उनी २०५४ सालको स्थानीय निर्वाचन पछि जिल्ला विकास समिति सिन्धुपाल्चोकको सदस्य बनेका थिए । जिल्ला विकास समिति सदस्य हुदाँ उनले जिल्लाको समग्र विकासमा महत्वपूर्ण योगदान गरेका थिए । जि.वि.स सदस्य हुदाँ समेत कुनै रवाफ फूर्ति नगरी पूर्ववत आफ्नो काम गर्ने उनको सादा जीवन उच्च विचार अरूका लागि विशेष अनुसरण योग्य हुन्थ्यो । कहि कतैबाट आर्थिक लाभको अपेक्षा नै नगर्ने उनको स्वाभाव असामान्य झै लाग्दथ्यो । ( अनिरुद्र नेपाल,तत्कालीन सामाजिक परिचालक अधिकृत, जि.वि.स, सिन्धुपाल्चोक)

यसरी जगन्नाथ आचार्य सिन्धु भूमिमा साहित्य र राजनीतिका माध्यमबाट सामाजिक सेवामा सदा समर्पित छन ।

### २.२.२.६. संस्थागत संलग्नता

जगन्नाथ आचार्य बनारसमा रहदा २०२६ सालमा छात्र संघको चुनाव मार्फत शिक्षा मन्त्री बनेका थिए । २०२५ सालमा कन्युनिष्ट पार्टीको साधारण सदस्य र २०२९ सालमा संगठीत सदस्यता जगन्नाथ आचार्यले प्राप्त गरेका थिए । उनी २०२९ सालमा प्रगतिशील अध्ययन मण्डलको संस्थापक सदस्य बनेका थिए । कम्युनिष्ट पार्टीको विभिन्न अञ्चल स्तरीय कमिटीमा उनी सक्रिय रहदै आएका पार्टी विभाजन पछि नेकपा मार्क्सवादीमा क्रियाशील आचार्य २०४६ मा माले र मार्क्सवादी एकीकरणपछि बनेको नेकपा एमालेको सिन्धुपाल्चोक जिल्ला सदस्य बनेका थिए । आचार्य त्यसपछि पनि एमाले जिल्ला विकास समिति सदस्य रही रहे र २०६५ बाट एमाले जिल्ला सल्लाहकार सभापति रहेका छन् । हाल उनी प्रगतिशील लेखक संघका केन्द्रीय पार्षद एवं जनसाहित्य मञ्चका केन्द्रीय सदस्य पदमा रही क्रियाशील छन् । अविरल साहित्य समाजका आजीवन सदस्य समेत रहेर जनवादी साहित्यको उत्थानमा अहोरात्र लागिरहेका छन् ।

### २.२.२.७. **सम्मान र पुरस्कार**

जगन्नाथ आचार्य एउटा निष्काम कर्मयोगी स्रष्टा एवं समाजसेवी हुन् । उनको राजनीतिक समर्पणमा होस्, साहित्यिक लेखन र वाचन होस् वा समाजसेवामा होस् निस्वार्थ लगानी देखिन्छ । उनको मानका लागि कहिल्यै हात थाप्न त परै जाओस्, आफूले नेपाली राजनीति र साहित्यका क्षेत्रमा अतुलनीय योगदान गरेवापत कुनै अपेक्षा सम्म राखेनन् । दर्जनौं कविका सयौं कविताहरू कण्ठ गरेर आफू नेपाली काव्यकोश नै बने पनि उनमा कहिल्यै घमण्ड देखिएन । कसैले मञ्चमा बोलाएर कविता पढ्न लगाउदा नै उनको सबैभन्दा ठूलो सम्मान पाएको अनुभव गरे अनि सामन्तहरूले ओढाउने महंगा दोसल्ला र दिने कलङ्कित उपहारभन्दा जनस्तरबाट पाएको एउटा फूलको थुंगोलाई सबैभन्दा ठूलो प्राप्ति सम्झेर ग्रहण गरिरहे । उनको जीवनमा न कुनै जागिरको आश नै गरे, न कुनै पद र प्रतिष्ठाको आश गरे । अन्तत कुनै कुराको आश नगरेकै हुनाले जगन्नाथ, जगन्नाथ बने र यही नै उनको विशेष चिनारी बन्यो । (नेपाल देवी, २०६८ शब्दचित्रमा कवि जगन्नाथ आचार्य)

यति हुँदाहुदै पनि जगन्नाथ आचार्यले जनस्तरबाट दिइएका पुरस्कार र सम्मानहरूको भने कहिल्यै अपमान गरेनन् । आफूले अँगालेको आस्था र विश्वासमा कुनै दाग नलाग्ने किसिमका वा विचारको सम्मान हुने प्रकारका पुरस्कार, सम्मान र पदकहरू भने उनले ग्रहण गरिरहे । केदारमान व्यथित स्मृति पुरस्कार (२०६४), प्रगति साहित्य सम्मान ( २०३३), सिन्धु प्रतिभा सम्मान (२०६१), सिपा तीनघरे संस्कृत पाठशालाबाट कदर पत्र (२०६०) र प्रगतिशील लेखक संघ, सिन्धुपाल्चोक शाखाबाट सम्मान (२०५८) उनको योगदानलाई मूल्याङ्कन गर्दै दिइएका पुरस्कार र सम्मानहरू हुन ।

तेस्रो परिच्छेद

# जगन्नाथ आचार्यको कविता यात्रा र उनका कविताहरूको विश्लेषण

## ३.१ परिचय

जगन्नाथ आचार्य (२००४) का मुक्तक ढाँचाका छोटा कवितादेखि फुटकर कवितासम्म प्रकाशित भएका छन् । बनारसमा अध्ययनको क्रममा लेखेका कविताहरू त्यहाँबाट प्रकाशित हुने विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । नयाँ पाइला (२०३०), भानुदय (२०३२), उजेली (२०३१), सन्देश (२०३०), मादल (२०३३), भिसमिसे ( २०३२), पत्रिकाहरू नेपालबाट बनारस पढ्ने विद्यार्थीहरूले प्रकाशित गरेका थिए । यिनै पत्रिकाहरूमा उनका रचना प्रकाशित भएको पाइएको छ । उनको पहिलो कविता पुष्पलालबाट प्रभावित भएर लेखेको **अर्पियो ज्यान जसले** २०२४ सालमा छात्रप्रभा पत्रिकमा प्रकाशित भएको थियो । जगन्नाथ आचार्य लेखनमा जति सक्रिय रहे त्यसलाई जोगाएर राख्नमा त्यति ध्यान दिएनन् । उनी जीवनको कुनै कालखण्डमा पनि लेखनमा शिथिल भएनन् । कहिले पञ्चायती व्यवस्थाको कारण उनका कृति बाहिर आउन पाएन त कहिले आर्थिक अभावले प्रकाशित हुन सकेन । उल्लेखित अप्ठेरोका बावजुत समय- स्वर २०६५ सालमा प्रकाशित भयो । उनका ७६ वटा कविता उक्त कृतिमा रहेका छन् ।

जगन्नाथ आचार्यको प्रकाशित कृति समय स्वर २०६५ प्रकाशन सन्दर्भमा लेखक देवी नेपाल भन्छन्: कवि जगन्नाथ आचार्यको सिर्जना यात्राको लगभग ४ दशक पछि मात्र कृतिगत रूपमा प्रकाशित समय स्वर उनलाई बाहिरबाट चिनाउने एक मात्र कृति हो । तर महत्वपूर्ण कुरा आउनका लागि पक्कै समय लाग्छ र त्यसको युगीन महत्व सहितको हुन्छ । (नेपाल देवी २०६८ शब्दचित्रमा जगन्नाथ आचार्य )

यसरी जगन्नाथ आचार्यको एक मात्र प्रकाशित कृति समय स्वर २०६५ कविता संग्रहमा प्रकाशित केही कविताहरूको अध्ययन र विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## ३.२. नेपाली कविताको विकासक्रममा जगन्नाथ आचार्य :

१८२५ मा सुवानन्द दासद्धारा रचित पृथ्वीनारायण शाह शीर्षकको कवितासँगै नेपाली कविता लेखनको सुरुवात भएको हो (स. शर्मा मोहनराज, श्रेष्ठ दयाराम, २०४६: नेपाली साहित्यको संक्षिप्त इतिहास)  नेपाली कविता विकासक्रमलाई यसरी तीन चरणमा विभाजन गर्न सकिन्छ (पराजुली ठाकुर प्रसाद, नेपाली साहित्यको परिक्रमा, २०४५,पृ.३२) ।

१.प्राथमिक काल (१८२५-१९४०)

२.माध्यमिक काल (१९४१-१९७५)

३.आधुनिक काल (१९७५- हाल सम्म )

आधुनिक काललाई पनि चार मोडमा विभाजन गर्न सकिन्छ ।

पहिलो मोड ( १९७६-१९९०)

दोस्रो मोड ( १९९१-२०१६)

तेस्रो मोड (२०१६-२०२९)

चौथो मोड (२०३०- हाल सम्म )

(ढुङ्गेल भोजराज, नेपाली कविता र काव्यः२०६१, पृ: १८)

यसरी नेपाली कविता किकासक्रमलाई हेर्दा जगन्नाथ आचार्य आधुनिक काल अर्न्तगत चौथो मोडमा देखा परेका प्रतिभा हुन् । उनी कविताहरूमा समसामयिक विचारहरू प्रस्तुत गर्न सिपालु मानिन्छन् । राजनीति, जागरण, अधिकारप्रति सचेतता, सामाजिक समस्या र  विकृति, विकृतिमाथि ब्यङ्ग्य प्रहार उनका कविताका विषयवस्तु हुन् । नेपाली कविता विकास क्रममा जगन्नाथ आचार्यलाई अधुनिककाल अर्न्तगत चौथो मोड अर्थात् समसामयिक धाराका कवि भन्न सकिन्छ ।

### ३.३. जगन्नाथ आचार्यको कवितायात्रा

जगन्नाथ आचार्यको समग्र जीवनमा कविता सिर्जनाको यात्रालाई हेर्दा मुख्यत दुई चरणमा विभाजन गरेर हेर्नुपर्ने हुन्छ । राजनीतिक परिवर्तनकालागि लामो संघर्ष गरेका आचार्यको कविता यात्रा पनि मुलुकको राजनीतिबाट प्रत्यक्ष प्रभावित रहेको देखिन्छ । लेखन यात्रा सुरुवात भएको समय २०२४ सालदेखि प्रथम जनआन्दोलनको समय सम्मको कविता यात्रालाई प्रथम चरण र प्रथम जनआन्दोलनको समयदेखि हालसम्मको समयलाई दोस्रो चरण मानेर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

प्रथम चरण-वि.सं. २०२४ देखि वि.स. २०४६ साल सम्म

दोस्रो चरण - वि.स. २०४७ देखि हाल सम्म

**३.३.१. प्रथम चरण** (२०२४ देखि वि.स. २०४६ साल सम्म)

गाँउले लोकगीत सिलोक, रामायण, महाभारत आदिका माध्यमवाट साहित्य तर्फ आकर्षित हुनथालेका आचार्यले बनारसमा रहँदा नेपाली कम्युनिष्ट आन्दोलनका शीखर पुरुष पुष्पलाल श्रेष्ठ, मोदनाथ प्रश्रित, युद्धप्रसाद मिश्र, गोविन्द ज्ञवाली जस्ता व्यक्तिहरूसँग भेट भएपछि साहित्य सिर्जनाकोलागि प्रेरणा प्राप्त गरे । त्यस समयमा नेपाली राजनीति र साहित्यको केन्द्र बनेको बनारसमा अनेकौं वैचारिक बहस र राजनीतिक क्रियाकलापहरू हुने गर्दथे । बनारस बसाइको

क्रममा वैयक्तिक लेखनमा कम र अरूका लेखन गाउनमा बढी उत्साहित देखिने आचार्यलाई वरिष्ठ साहित्यकार मानेदनाथ प्रश्रितले "अरूका कविता गाँउने मात्र होइन, आफूले पनि लेख्नुपर्छ, अरूका रचनाको गायक बनेर मात्र बस्ने होइन आफ्नै रचनाको सर्जक बनेर बाच्नुपर्छ " (स. नेपाल देवी, शव्दचित्रमा जगन्नाथ आचार्य, २०६८: पृ.५ ) भने पछि उनको गलामा रहेको साहित्य लेखनमा रुपान्तरण हुनथाल्यो । ठूला कृतिको रचना नभएपनि फुटकर रूपमा साहित्य सिर्जनामा लागेका आचार्यका २०२९ देखि **भानुदय, उजेली, सन्देश, छात्रप्रभा,** आदि पत्र पत्रिकाहरूमा उनका रचनाहरू प्रकाशित भएको पाइन्छ । (स. नेपाल देवी, शव्दचित्रमा जगन्नाथ आचार्य, २०६८: पृ.६) जगन्नाथ आचार्य लेखनमा जति सक्रिय रहे त्यसलाई जोगाएर राख्नलाई त्यति ध्यान दिएनन् । तत्कालीन राजनीतिक परिस्थितिको कारणले गर्दा प्रहरी प्रशासनको आँखा छलेर उनी जागरण र विद्रोहका कविता लेख्दै गए । उक्त कविताहरू त्यतिबेलाका विविध पत्रपत्रिकाहरूमा प्रकाशित हुदै गए । तत्कालीन अवस्थामा राजनीतिक परिवर्तनका लागि जनतालाई व्युझिन यस चरणमा उनका कविता मार्फत आग्रह गरिएको छ । उनी एक सचेत युवकका हैसियतले जागरणका कविता लेख्छन् । जनतालाई अधिकारको प्रत्याभूतिकोलागि तत्कालीन राजनीतिक व्यवस्था दोषी रहेकोले व्यवस्था परिवर्तन नभएसम्म जनतालाई वास्तविक हक प्राप्त हुन नसक्ने र जनताको राज्य स्थापना भएपछि मात्र संसार उज्यालो हुने धारणा आचार्यका यस चरणका कविताहरू मार्फत उनले व्यक्त गरेका छन् । तत्कालीन समयमा उनको संगत र उनलाई निर्देश, प्रभावित पार्ने मार्क्सवादी दर्शन , चिन्तनबाट अधिक प्रभावित आचार्य सरलतालाई पछ्याउछन् । कुनै पनि किसिमको धाक फुर्ति र रवाफमा नलाग्ने उनी सादा जीवन उच्च विचारको जीवन दर्शनबाट प्रभावित देखिन्छन् । उनका तत्कालीन समयका रचनाहरूमा सादा जीवन उच्च विचारको भाव यसरी मुखरित भएको छ ।

घुम्ने मेच त चाहिदैन नि सखे सम्मानको भानमा

रम्नै वेश छ लालिमाटी वनकी क्वैली मिठो गानमा

बबाको करको उपार्जन मिठो कोदो मकैको पिठो

प्यारी गुन्द्रुक साँध्दछिन जननीले पस्केर खाने ठिटो ।

*किसान हुँ, पृ, १८*

तत्कालीन समयमा **आचार्य** सम्मको अध्ययनको महत्व धेरै थियो । **आचार्य** सम्म बनारसमा बसेर अध्ययन गरेपछि ठुलै जागिर खानुपर्छ भन्ने या त केन्द्रमा बसेर राजनीति गर्नुपर्छ भन्ने दुवै मान्यतालाई उनले ठाडै चुनौती दिएका थिए । उनको यस किसिमको जीवन पद्धती उल्लेखित कविता मार्फत व्यक्त भएको छ ।

पारेर धर्ती हरियो बगान

साक्षात गराई श्रमको बखान

उब्जा गराई सब प्राणिलाई

बाँच्ने किसानी म हुँ एक भाइ ।

*किसान हुँ, पृ, १८*

तत्कालीन पञ्चायती व्यवस्थाका कारण जनताका हक कुण्ठित भएको र जनता हक प्राप्तिका लागि संघर्ष भन्दा अर्को बाटो नै नभएको विचार उनको छ । शाही शासनको शिर नै फान्नुपर्छ भन्दै राजतन्त्र माथि कडा प्रहार गरिएको छ ।

यो पञ्चायत राजका अधमको सत्ता उखेलकिन

शाही शासन मुहान शिरको टोपी नफालीकन

हाम्रो छैन भविष्य क्रान्ति पथमा लाग्नै छ पक्क भने

आफ्नै पौरख स्वतन्त्र पसिना फल्नेछ खेती खने ।

*किसान हुँ, पृ, १८*

नेपालमा पञ्चायती शासन चलिरहेको समयमा बनारस स्थित उनी बस्दै आएको कोठामा भारतीय प्रहरीद्धारा छापा मारेको थियो त्यतिबेला उनको कोठाबाट उनका महत्वपूर्ण रचना जफत गरी जलाइएकोले उनी निकै आहत बनेका थिए । तत्कालीन राजा वीरेन्द्रलाई कालो झण्डा देखाउदा उनी पक्राउ परेका थिए । त्यतिबेला बि.बि.सि. लण्डनबाट समेत उनको साहसको चर्चा भएको थियो ।

उल्लेखित घटनाक्रमले गर्दा उनले आफ्ना रचनाको सुरक्षा गर्न सकेनन् । तत्कालीन समयका रचनाहरू पत्र पत्रिकाहरुमा प्रकाशित भएका र हाल उक्त पत्रिकाहरू निकै दुर्लभ छन् । त्यसैले ती सबै प्रकाशित कविताहरू उनको समय-स्वर कविता संग्रहमा समावेश भएका छैनन् ।

जगन्नाथ आचार्यले पञ्चायती कालमा धेरै संघर्ष गर्नुपरेको थियो । उनको जीवनमा पञ्चायत काल अध्ययन र राजनीतिक व्यक्तित्व माथि उठाउन उर्वर समय सावित भएतापनि राज्य तर्फबाट निकै प्रताडना सहनु परेको थियो । झुटा मुद्धा, प्रहरी प्रशासन र त्यसबाट जोगिएर साहित्य सिर्जनाको यात्रामा अघि बढ्नु निकै चुनौतीपूर्ण समय थियो । यसका बाबजुद पनि आचार्यले जनतालाई कविता मार्फत आन्दोलित बनाउने कार्यमा निरन्तर लागिरहे र सँगै सादा जीवन उच्च विचारको जीवन दर्शनलाई मार्मिक ढंगले कविता मार्फत प्रस्तुत गर्ने कार्य गरे । संख्यात्मक रुपमा अत्यन्त कम भएर पनि गुणात्मक रूपमा उल्लेख्य काव्य सिर्जना गर्न सक्नु उनको कविता लेखन यात्राको प्रथम चरण (२०२४ देखि २०४६)को मूल विशेषता हो ।

### ३.३.२. कविता यात्राको दोस्रो चरण (२०४७ देखि हालसम्म)

जगन्नाथ आचार्यको जीवन देशको मूल राजनीतिक गतिविधिबाट प्रत्यक्ष प्रभावित थियो । देशमा भएको २०४६ सालको प्रथम अनआन्दोलन र त्यस पछिको राजनैतिक परिवर्तनपछि उनको लेखनमा स्वतन्त्र अभिव्यक्तिको खुल्लापन देखिन थाल्यो । समय-स्वर कविता संग्रहमा प्रकाशित भएका प्रायः कविताहरू यसै चरणमा लेखिएका छन् ।

**३.३.२.१. समय स्वर कविता संग्रह -**

समय स्वर कविता संग्रह ९० पृष्ठ लामो कविता संग्रह हो । यसको आवरण पृष्ठ अमित घिमिरेको अमूर्तकलाबाट सजिएको छ । लेखकको परिचय लेखक वृतमा भित्रि पृष्ठमा रहेको छ । समय स्वर प्रकाशनसँग सम्बन्धित प्रसंग समेट्दै समर्पण र आह्वान शीर्षकमा कविता लेखिएको छ । कृतिको समपर्णमा आचार्य लेख्छन ।

जसले जीवनमा दियो प्रणयले सद्‌भाव सेवा श्रम

जसले मानवयात्राको हित स्वयम ज्यानै गयो अर्पण

जसको रक्त सरेर मानजुनी पाइन्छ चोखो हुन

जसको आश्रय साथ सत्य पथमा पाइन्छ धोको फुन ।

*आह्वान, समय स्वर पृ, २२*

राजनीतिक खुल्लापनले गर्दा उनका यस चरणका कविताका विषयगत विविधता पाउन सकिन्छ । विकास निर्माण, सभा, गोष्ठी, स्थान वर्णन, यात्रा वर्णन, सामाजिक आन्दोलन, सामाजिक कथा व्यथा, राजनीतिक परिवर्तबाट प्राप्त उपलव्धीको सदुपयोग हुन नसकेका जस्ता विषयहरूमा उनको कलम चलेको पाइन्छ । जगन्नाथ आचार्यका बालसखी, नेपाली राजनीतिक आन्दोलनका अग्रणी व्यक्तित्व मदन भण्डारी र जीवराज आश्रितको स्मृतिको लेखिएको यो कविता,

जोडा मानव जो थिए हिमशिखा झर्नासँगै गाँउका

विद्या,बुद्धि, कला र कौशल भरी आश्रित मदन नामका

लाली पुक्ष्प प्रभात झै सुभरिला खानी थिए आँटका

मान्छेका अगुवा नवीन पथका वैरी थिए ढाँटका ।

*बाँचुन सखा युगभरिः २१*

चाहे सुन्दर प्राकृतिक दृष्यहरूले होस् चाहे कुनै नयाँ वातावरण पाउदा त्यस्तो क्षणलाई कविता उतारिहाल्ने उनको स्वभाव यस कालका कविताहरूमा देखिन्छ । बाग्मती नदीको सुरम्य वातावरण नाश भएको प्रसङ्ग उठाउदै उनी जनताका प्रत्यक्ष सवालहरूलाई सशक्त ढंगले कविता मार्फत उठाउछन् । जगन्नाथ आचार्यका यस कालका

कविताहरूबाट जागरण र सन्देशको भाव प्रदान गर्न सक्षम छन् । यस कालका उनका कविताहरूमा सिद्धान्त र विचारको नाममा मान्छे, मान्छे विचमा द्वन्द बढ्दै गएको, शान्तिपूर्ण नेपालमा अशान्ति छाएको उल्लेख गर्दै सच्चा परिवर्तन र शान्तिको चाहना गर्ने हो भने सिद्धान्त र विचारको एकता नै आजको आवश्यकता हो भन्ने ठहर उनले गरेका छन् ।

चढ्छन मोटरकार विल्डिङ कतै रित्तो छ झुप्रो तल

हर्दम घोटिनुपर्छ हात हसियाँ साथी छ कुप्रे बल

छाकै टार्न समेत मुश्किल भयो दाना दन्यौरा कता

यस्को कारण मास्न मूल जड हो सिद्धान्तको एकता ।

*रक्तिम सूर्य, पृ, २०*

जगन्नाथ आचार्यको यस कालका कविताहरूमा जागरण, सन्देश, राष्ट्रियताको भाव, विकास निर्माणमा जुटौं भन्ने आग्रह पाइनुका साथै सामाजिक कुरीतिको रूपमा रहेको चलीबेटी बेचविखन जस्तो जघन्य आपराधिक गतिविधिप्रति आक्रोश पोखिएको छ । समाज, राजनीति, प्रकृति, आदि विविध विषयमा कलम चलाएर पनि सम्वन्धित विषयमा गहिरो अध्ययनका साथै विषयको सुक्ष्म विश्लेषणको झल्को पाइनु जस्ता विशेषता उनका यस कालमा रचिएका रचनाहरूमा पाइन्छ ।

### ३.३.३. जगन्नाथ आचार्यका कविताका विषयवस्तु

जगन्नाथ आचार्य देश, काल, परिवेश अनुरुप विविध सर्न्दभ र विषयहरूलाई आफ्नो कविताको विषय बनाउने गर्छन् । उनका कविताका विषयहरू राजनीतिदेखि प्रकृतिसम्म र विकास निर्माणदेखि कला र संस्कृतिसम्म छरिएर रहेका छन् । समय स्वर कविता संग्रहमा आचार्यको सिन्धुपाल्चोकको गौरव गाथा समेटिएको सिन्धु झलक र सिन्धु व्यथा कविताबाट कविता लेखनको क्रम सुरुवात भएको छ । उनका कविताका अधिकांश विषय नेपाली समाज नै हो । समाजमा भएका रीति कुरीति आदिको चर्चाका साथै त्यस्ता कुरीति, कुसंस्कार र पछौटेपनबाट छुटकारा पाउन राज्य संचालनको मूल निकायमा रहनेहरूले ध्यान नदिएकोमा कविता मार्फत आक्रोश पोख्दै आन्दोलित हुन जनतालाई आग्रह गरेका छन । विकास निर्माणमा जनसहभागिताको खाँचो रहेको उनका कविताहरू चेलीबेटी बेचबिखन जस्तो मानव कलंकको रूपमा रहेको अमानवीय चरित्र माथि प्रहार गर्दै त्यसबाट सचेत रहन जनतालाई आग्रह गरेका छन् । प्रतिगमनका विरुद्ध लाग्न आग्रह गर्ने कामदेखि हिंसात्मक रूपमा हुने आन्दोलनको विरुद्धमा डट्न पनि आग्रह गरिएको छ । विद्यार्थी, युवाहरूलाई प्रेरित गर्दै जोशिला शुभकामनाका कविताहरू पनि यस समय स्वर कविता सङ्ग्रहमा

प्रकाशित कविताहरूमा पाइन्छ । यसरी विविध विषयमा कविता लेख्ने आचार्यको विषयगत विविधतालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

१. सामाजिक विषय

२. राजनीतिक विषय

३. प्राकृतिक विषय

४. लोक संस्कृतिको विषय

५. यात्रा/स्थान वर्णन विषय

**३.३.३.१. सामाजिक विषय**

जगन्नाथ आचार्यका कविताका अधिकांश विषय नेपाली समाज नै हुन । नेपाली समाजमा विद्यमान आर्थिक शोषण, अन्याय अत्याचार, अमानवीयता, नेताहरूको अदुरदर्शी व्यवहार आदिको कारणले नेपाली समाजमा परेको दुष्प्रभावको चित्रण उनका कवितामा पाइन्छ । समाजमा भएका रीति, कुरीति आदिको चर्चाका साथै त्यस्ता कुरीति, कुसंस्कार र पछौटेपनबाट छुटकारा पाउन राज्य संचालनको मूल निकायमा रहनेहरूले ध्यान नदिएकोमा कविता मार्फत आक्रोश पोख्दै आन्दोलित हुन जनतालाई आग्रह गरेका छन् । विकास निर्माणमा जनसहभागिताको खाँचो रहेको सर्न्दभ उल्लेख गर्दै चेलीबेटी बेचबिखन जस्तो मानव कलंकको रूपमा रहेको अमानवीय चरित्रमाथि प्रहार गर्दै त्यसबाट सचेत रहन जनतालाई आग्रह गरेका छन् । किसान हुँ कवितामा कविले स-गौरव किसानको महिमा गाएका छन् । किसाानहरू आफ्नो पौरखले आफमात्र बाँच्ने होइन अरू सारा संसारलाई बचाउने पेशा भएकोले उनी यसमा कविता मार्फत गर्व गर्छन् । बाझो धर्तीलाई फोडेर पसिना बगाएर बालीनाली उब्जाउने संसारकै प्राण बचाउने किसान साच्चै महान् हुन भन्दै उनले लेखेको यो पंक्ति हेरौं ।

उठी घडी पाँच छदै निशाको

पस्रेर गै खेतविसे नुहेको

गैची र बेल्चा बलले उचाली

खोस्रेर बाँझो पसिना पखाली

पारेर धर्ति हरियो बगान

साक्षात गराई श्रमको बखान

उव्जा गराई सब प्राणिलाई

बाँच्ने किसान म हुँ एक भाइ ।

*किसान हुँ, पृ.१८*

किसान हुँ कवितामा किसानको गर्विलो पक्षलाई खोतल्ने आचार्य किसान व्यथा कवितामा किसानले भोग्दै आएका समस्याहरुको समस्या उठान गर्दछन् । गरीब नेपाली जनताको पक्षमा कानुन नभएको, जग्गा जोत्नेको नाममा नभएको जसले दुख गरी पसिना बगाएर धर्ति फोर्छ ऊ भोक भोकै मर्छ अनि जो महलमा बस्छन कहिल्यै जग्गामा कुल्चेकासम्म हुदैनन् उनीहरू जग्गाको मालिक बन्छन् । उव्जाएको बालीनालीमा उनीहरूकै हक ज्यादा हुन्छ । साच्चै नै यो नियम जनताको पक्षमा छैन । गरिब जनता झन गरीब र साहु झन् साहु बन्दै जाने यस किसिमको नियम अन्यायी छ भन्ने भाव उनले कवितामा यसरी व्यक्त गरेका छन् ।

कानुनमा छैन उपाय हाम्रो

को बुझ्न सक्ने बह पीर हाम्रो

प्रमाण लाग्दैन नि जोत्नेको

थन्किन्छ रे माग सबै तिनीको ।

*किसान व्यथा पृ: ३४*

देशमा भू-माफियाहरुको ठूलो संजाल छ । षडयन्त्रपूर्वक नक्कली खेस्रा बनाएर गरीब र अबुझ जनतालाई भ्रममा पार्न खोजिरहेका छन् । सरकारी अड्डामा घुस खुवाएमात्र काम हुने नत्र यो मिलेन उ मिलेन भन्दै कामै नगरी महिनौ बिताइदिने प्रसङ्ग कवितामा यसरी प्रस्तुत गरिएको छ ।

नापिन्छ षडयन्त्र भरेर खेस्रा

थापिन्छ अड्को नक्कली छ स्रेस्ता ।

माल्पोतमा माल दिए छ काम

कानुन निर्माण भएर आवोस्

किसानले जोत भरेर पाओस् ।

किसानी ज्यामी श्रमका सितारा

श्रद्धा र सेवा श्रमका पियारा ।

जोगार गर्दै गर संघ सारा

किसानको सान उचाल प्यारा ।

*किसान व्यथा पृ: ३४*

श्रमजीवी जनताको पक्षमा कानुन नभएकोले किसान मर्कामा परेको प्रसंङ्ग उल्लेख गर्दै किसानको पक्षमा कानुन बनोस् भन्ने कामना समेत उनले गरेका छन् । उत्कृष्ट पेशा कृषिलाई मान्दै कृषि र किसानको सानलाई उचाल्न सम्पर्ण किसान एकजुट भएर लाग्न पनि यस कविता मार्फत उनले आग्रह  गरेका छन् । नेपाली समाजमा रहेको चेलीबेटी बेचबिखन जस्तो कुप्रथाको कारणले आज कैयौं नेपाली नारीहरूले विभिन्न दलालहरूको फन्दमा परेर भारत लगायत अन्य मुलुकका कोठीहरूमाका नारकीय जीवन व्यतीत गर्न बाध्य छन् । धनको लालसामा मानिसले यस्तो दुष्कर्म गरिरहेको छ । बेचिएका चेलीहरू आफ्नो यौवन सकिएपछि बुढेसकालमा शरीर र मनमा कहिल्यै निको नहुने रोग लिएर फर्कन्छन् र सामाजिक अपमान सहित बाँच्न बाध्य हुन्छन् ।  यस्तो कुप्रथा हट्नुपर्छ र सबैले आफ्नो इज्यतपूर्वक बाँच्न पाउनुपर्छ भन्ने भाव चेलीबेटी बेचबिखनको पीडा कविता मार्फत यसरी व्यक्त गरिएको छ ।

बैनी बिकेका परदेश नोट

शुन्यै छ बस्ती घरवार गोठ

मर्दै छ मान्छे खुकुरी खपेर

रम्दै छ गाई गवुवा भजेर ।

*चेलीबेटी बेचबिखनको पीडा पृ: ३५*

नेपालको प्रशासनतन्त्र अत्यन्त फितलो रहेको छ  र भएको कानुनको पनि राम्रो सँग पालना हुन नसकेकोले यस्तो समस्या भएको कुरा उनले औल्याएका छन् । उनी देश चलाउने नेताहरूमा पनि दोष देख्छन् । उनीहरूकै दोषको कारणले  नेपाल र नेपालीको उन्नती हुननसकेको अवस्था हाल रहेको छ । यसलाई हटाउनको लागि अब कानुनलाई शक्तिशाली बनाउनुपर्छ । कानुन शक्तिशाली बनाउन सबैले आफ्नो आफ्नो ठाँउबाट सहयोग गर्नुपर्छ भन्ने भाव चेलीबेटी बेचबिखनको पीडा कविता यसरी व्यक्त भएको छ ।

ऊ राजनेता पनि दोषमा छ

को भन्न सक्छौ कति विध्न भा'छ ।

कानुनमा शान उकास्नु पर्छ

आवाल वृद्धा सब उठ्नुपर्छ ।

*चेलीबेटी बेचबिखनको पीडा पृ: ३५*

नेपाली समाजमा नारी र पुरुषमा समान दृष्टिकोण अझै पनि छैन । नारीहरूलाई भेदभावको दृष्टिले हेर्ने गरिन्छ । यहाँका हरेक निर्णयक ठाँउहरुमा पुरुषहरू हुन्छन् । नारीहरू घर सम्हाल्ने काममा मात्र सिमित हुने गरेको पाइन्छ । राज्यबाट पाउनुपर्ने अवसर र हकबाट समेत नेपाली महिला बञ्चित छन् । त्यसैले अब तिमी हात बाँधेर नबस कम्मर कसेर अघि बढ भन्दै नारी प्रति शीर्षकको कवितामा आचार्य लेख्छन्:

योद्धा भएर उठ हे बहिनी मुमा हो

बाँधेर संगठन व्यापक पार ढिक्को ।

आफै सशक्त हुन भैकन लाम लाग

नारी बनेर बलियो दृढ आँट बाँध ।

ब्युझेर हेर नभमा रवि तेज आयो

तिम्रो कमाइ पसिना भलले बगायो ।

कानुन छैन गतिलो छ तराजु कोल्टो

संघर्ष गर्न नसके भरिदैन पोल्टो ।

*नारी प्रति पृ: ४५*

नारी प्रति कवितामा आचार्यले संघर्षबाट नै नारीहरुले आफ्नो हक अधिकार प्राप्त गर्न सक्छन् । सङ्घर्ष बिना उनीहरूको पीडा कसैले बुझ्दैन । त्यसैले सङ्घर्षको अर्को विकल्प छैन भन्दै नारी र पुरुषको सामाजिक समानताको लागि दरिलो भएर सङ्घर्षको मैदानमा ओर्लन नारीहरूलाई आग्रह गरिएको छ ।

जगन्नाथ आचार्यले नेपाली समाजका अमिल्दा पक्षहरुमाथि प्रहार गर्दै कविता लेखेका छन् । वर्गीय शोषणका कारणले धनी र गरीवका बिचमा खाडल बढ्दै गएको प्रसङ्ग उनका कविताहरुमा छ । नारी र पुरुषविचको भेद, किसानका वास्तविक पीर, व्यथा, मर्कादेखि नेपाली समाजमा व्याप्त  चेलीबेटी बेचबिखन जस्तो जघन्य अपराध र कुप्रथा जस्ता ज्वलन्त सामाजिक विषयहरूमा उनको कलम चलेको देखिन्छ ।

### ३.३.३.२. राजनीतिक विषय

जगन्नाथ आचार्य राजनीतिक पृष्टभूमि भएका साहित्यिक व्यक्तित्व भएका हुनाले उनका रचनाहरूमा राजनीतिक रङ्ग बढी नै देखिन्छ । समाजका हरेक पक्षलाई राजनीतिले प्रत्यक्ष प्रभाव पारेको हुन्छ त्यसैले कुनै पनि व्यक्ति राजनीति निरपेक्ष रहन सक्दैन भन्ने मान्यता राख्ने आचार्यको समय स्वर कविता संग्रहमा प्रकाशित कविताहरूमा राजनीतिक विषयवस्तुको अधिकता देखिन्छ । रक्तिम सूर्य कवितामा आचार्यले देश बनाउछौ भनेर कसम खाएर सत्तामा पुग्नेहरू उपल्लो सम्मान र सुविधा सहित रजाँइ गरिरहेको  तर तिनैलाई माथि पुर्याउने झुपडीका बस्तीहरूले अझैपनि परिवर्तनको आभाष सम्म पनि गर्न नपाएको भाव उनले व्यक्त गरेका छन् ।

विभिन्न वाद र विचारको नाममा फुटको राजनीति गरेर जनतालाई भऱ्याङ बनाई आफू प्रगतिको सिढी चढीरहेकोले अब सिद्धान्त र विचारको फोस्रो आडम्बर भन्दा सकारात्मक परिवर्तन सहितको व्यवहार आवश्यक भएकोले त्यस तर्फ सम्बन्धित पक्ष अघि बढ्नुपर्नेमा जोड दिदै आचार्य यसरी लेख्छन् ।

चढ्छन मोटरकार विल्डिङ कतै रित्तो छ झुप्रो तल

हर्दम घोटिनुपर्छ हात हसियाँ साथी छ कुप्रे बल

छाकै टार्न समेत मुश्किल भयो दानान दन्यौरा कता

यस्को कारण मास्न मल जड हो सिद्धान्तको एकता ।

*रक्तिम सूर्य, पृ: २०*

नेपाली राष्ट्रियता र अखण्ड नेपाल माथि विदेशी हस्तक्षेपलाई आचार्यले कविता मार्फत दुत्कारेका छन् । नेपाली भूमि नेपालीहरूको हो यसमा पराईको हस्तक्षेप लाई नेपालीले कदापी स्वीकार गर्न नसक्ने कुरा आह्वान कविता मार्फत आचार्य यसरी व्यक्त गर्छन् ।

आमाको शिरमाथि सङ्गीन धसे पर्देशका बुटले

बैनीको सिउँदो पुछिन्छ दिनहुँ उन्मादिका हुलले

मालामाल छ न्यायलय नटुवा इन्साफ इन्कारले

भ्रष्टाचार अपार आदर बन्यो आचार लत्याउने ।

*आह्वान, पृ:२२*

विशेष गरी जनआन्दोलनका बेलामा र त्यसपछिको परिवर्तित अवस्थामा लेखिएका कविताहरूको बाहुल्यता उनको समय स्वर कविता संङ्ग्रहमा पाइन्छ । राजको निरंकुश शासन होस् वा अहिलेको गणतन्त्र नेपाल दुवैमा उनको स्वर एउटै ओजका साथ प्रस्तुत भएको छ । राजाको शासनकालमा दुखी हुने मानिसहरूले अझैपनि फुर्किने बेला आएको छैन भन्दै अझै पनि लक्ष्य प्राप्त नभईसकेको विचार उनले अघि सारेका छन् । राजालाई नारायणहिटीबाट नागार्जुन सार्दैमा जनचाहना परा नहुने दृढ विचार त छदैछ, अझै नेपाली राजनीतिमा छोटे राजाहरू जन्मन सक्ने खतराप्रति उनी सशङ्कित देखिएका छन् ।

नाकैमाथि बसेर घुर्छ सुखले पुस्तौं चुसेको कथा

बिर्सेझै किन गर्दछौ सुजन हो आभाष ऐश्वर्यता

झुप्राका बबुरा बथान वनमा गिट्टा तरुल टोक्दछन्

नेता अत्तर घस्छ केश शिरमा दरवारमा खोक्दछन् ।

राजा पज्य भनेर नागपुरमा बस्ने व्यवस्था भयो

रक्षा निम्ति भनेर भनेर अत्तर निकै घस्ने व्यवस्था भयो

नाङ्गा छन् तल कौशिकी बगरमा आवास कस्को भयो

यो झेला गणतन्त्र कुन अधमको शङ्का सबैमा छ यो ।

*आह्वान, पृ,२२*

फोस्रा भाषणको समय अब छैन । फोस्रा भाषण अब जनातालाई टर्रो लाग्न थालेको छ । जनतालाई अगाडी बढाउन राजनीतिक नेताहरूमा कुनै योजना देखिदैन । यसरी जनमत बुझेर जनताको हित गर्न नसक्ने व्यवस्थाले जनाताकोलागि केही दिन नसक्ने भन्दै आचार्यले जसले जनतालाई युद्धको भयबाट उन्मुक्ति दिलाउने उपाय गर्छ जनताले उसैलाई रोज्ने विचार अभिव्यक्त गरेका छन् ।

फोस्रो भाषण मात्रले अब पुग्यो, टर्रो भयो भन्दछन्

थोत्रो शासन गर्भबाट अमिलो औतार भो भन्दछन्

गोला बारुद बन्द गर्छ जसले चाहिन्छ त्यो भन्दछन्

आफ्नो मौलिक देनको पथ नयाँ रोजिन्छ त्यो भन्दछन् ।

*क्रान्ति बोल, पृ:५४*

वि.सं. २०५९ सालमा तत्कालीन राजा ज्ञानेन्द्रबाट भएको राजनीतिक **कू**प्रति संकेत गर्दै समय झन पछाडी धकेलिएकोमा आचार्यले कविता मार्फत चिन्ता व्यक्त गरेका छन् । प्रतिगमनले सिर्जनाका सुन्दर फूलहरुलाई गुलेली जस्ता हतियार प्रयोग गरेर सर्वनाश पार्न दुष्साहस गरेको उल्लेख छ । शिक्षा दिक्षा बन्दुकमै बिलाएर गएको यसकै सन्त्रासले बालकदेखि वृद्ध सम्मलाई प्रभावित पारेको भाव आचार्य यसरी व्यक्त गर्दछन् ।

यौटा आयो ठोकी बन्दुक भाला

अर्को आयो बोकी बन्दुक गोला

दुवै उस्तै लातले बात गर्ने

बोली बिग्रे गोलीले मर्नुपर्ने

*प्रतिगमन, पृ:६०*

### ३.३.३.३. प्राकृतिक विषय

जगन्नाथ आचार्यले समय-स्वर कविता संङ्ग्रहमा प्रकृतिका विविध विषयहरुमा कलम चलाएका छन् । प्राकृतिक सौन्दर्य, प्राकृतिक रुपले सम्पन्न स्थानहरूको वर्णन, मात्र होइन प्राकृतिक विपत्हरूले मानवीय जीवन सङ्कटमा परेको सर्न्दभ समेत उनका कविताका विषय बनेका छन् । सिन्धुपाल्चोक जिल्लालाई प्राकृतिक रुपमा सौन्दर्यपूर्ण जिल्लाको रुपमा उनका कविताहरूमा व्यक्त गरिएको छ । इन्द्रावती, भोटेकोशी, सुनकोशी, ब्रह्मायणी, झ्याडी, सिन्धुखोला, मेलम्ची खोला, होस्टे खोला जस्ता नदीहरुको धनी र पाँचपोखरी, सिपापोखरी, तीनमाने पोखरी, भैरव कुण्ड, तप्त कुण्ड जस्ता पोखरी एवं तालहरूले शोभायमान भएको जिल्लाको रुपमा सिन्धु झलक र सिन्धु व्यथा कवितामा वर्णन गरिएको छ ।

साथी छन् खहरेहरू बल दिने ब्रह्मायणी बोल्दछिन्

कल्कल् कल्कल्निर्झरी लहरमा पाखा लता डोल्दछन् ।

काठमाडौ उपत्यकको प्रसिद्ध नदी बाग्मती प्रदुषित भएको प्रसङ्ग उल्लेख गर्दै बाग्मती नदीको सौन्दर्यपूर्ण विगतको चर्चा उनको थिइन् बाग्मती कवितामा गरिएको छ ।

हिड्थे पाँच मिलेर ठाँटसितले पुग्ने भनी सागर

छल्छल् गुन्गुन नाचगानसित तर्ा पाखा पखेरातिर

छेडी पर्वत बाग्मती लहरमा सेवा सधै गर्दथिन्

नागार्जुन डुलेर बालकहरु नाच्थे स्वयम्भ स्वयम् ।

*थिइन् बाग्मती, पृ, ६०*

जगन्नाथ आचार्य पुगेका अधिकांश ठाँउको प्राकृतिक नमुनाको अध्ययन र ती सुन्दर प्राकृतिक बान्कीहरूलाइ आफ्नो कविताको विषय बनाउनु उनको सोख देखिन्छ । इलाममा पुग्दा त्याहाको प्राकृतिक मनोरमताले आचार्यलाई छोएको छ ।

लेखौँ के कविता बसेर चुलमिा, हेर्दै चिया सुन्दर

हावा चल्छ चिसो मिठो महसरी एकान्तमा सिर्सिर

फोटो फ्याट्ट खिचेर साथी सबले, हाँसेर हल्ला गरे

एक्लो पर्न गएँ, थिएँ म विरही, प्यासी पखेरा घरे ।

*थिइन् बाग्मती, पृ, ६०*

जगन्नाथ आचार्यका कविताका विषयमा प्राकृतिक सौन्दर्यताको वर्णनमात्र पर्दैन । उनका कविताहरूमा प्रकृतिबाट पीडित समुदायको चिन्ता र चासो समेत व्यक्त गरिएको छ । बाढी पहिरो जस्ता दैवी प्रकोपबाट जनजीवन त्रसित बनेका विषय उनका कविताका विषय बनेका छन् ।

सिर्जनाको दरो आँट योजना सिर्जनुपर्यो

कोशीको भेलको सास्ती एक भै भ्फेल्नुपर्यो

गाँस, बास र शिक्षा मान काम बराबरी

माटामा पसिना गाँसे फुल्छ रातो सुनाखरी

*बाढी वेदना, पृ: ७७*

यसरी जगन्नाथ आचार्यका समय स्वर कविता सङ्ग्रहमा प्रकाशित कविताहरूमा प्रकृतिका विविध रूपको वर्णनलाई विषयवस्तु बनाईएको छ । प्राकृतिक मनोरमताको विषय वर्णनमा हौसिएका आचार्य प्राकृतिक प्रकोपमा दुख व्यक्त गर्दै सबैले मिलेर विपत्को सामना गर्नुपर्ने विचार अघि सार्छन् ।

**३.३.३.४. लोक संस्कृतिको विषय**

नेपाली समाजमा रहेका हरेक जाति, धर्म, र सम्प्रदायका मानिसहरूको आ-आफ्नै मौलिक संस्कृति रहेको छ । नेपाली मौलिक सस्कृतिको विषय उनको कविताको अर्को विषय हो । समाजमा भएका विविधताहरूलाई एकताको सुत्रमा बाधेर राष्ट्रिय रुपमा नेपालको शान माथि उठाउन सकिने तर्क लोक संस्कृति कविता मार्फत आचार्य यसरी व्यक्त गर्छन्,

सम्मान सबको साझा काम धाम बराबरी

सिर्जनाक बगैचामा गोदावरी र बाबरी

तिर्सनाका दरा हात पर्म पालो सधैंभरी

मोहनी मालती डाँडा हासे जस्तै सुनाखरी

देशको भेष मासेर परचक्री रत्याउने

ठालुको दाम धोकेर निर्धा सोझा हत्याउने

गणको तन्त्र बिग्रेको यस्तै हुन्छ सही बस

यात्राको वेग बाङ्गो छ डुल्नु हुन्न घरै बस ।

*लोक संस्कृति, पृ: ६९*

आज मानिसहरू आफ्नो संस्कृति छोडेर अरुको सस्कृति अगाल्न थालेका छन् । देखासिकी र पैसाको लोभमा मान्छेले आफ्नो संस्कृति बिर्सिएकोले यसबाट नेपालीहरूको हित नहुने भन्दै आचार्य ती सबै जाति, धर्म, भाषाका माानिस मिलेर बस्दामात्र सबैको विकास हुने कुरा लोक संस्कृति विषय अर्न्तगत लेखिएका उनका कविताहरूमा उल्लेख छ ।

**३.३.३.५. यात्रा/ स्थान वर्णन**

जगन्नाथ आचार्य विभिन्न ठाँउहरूमा पुग्दाका अनुभव अनुभूतिमा आधारित कविताहरू पनि समय-स्वर कविता सङ्ग्रहमा प्रकाशित छन् । इलामलाई सलाम, इलाम चियाबारी, भानु दार्जलिङ स्मारक, सहिद पर्क हेटौडा, र तातोपानी कुती यात्रा जस्ता कवितामा यात्राका साथै त्यस ठाँउको वर्णन सुन्दर ढंगले गरिएको छ । इलाम पुगेपछि इलामको समग्रतालाई उनले यसरी व्यक्त गरेका छन् ।

बारी बगैचा बलवान मल्ल

लाल्पातिका फल अनेक रङ्ग

भू स्वर्ग जस्तै रचना रचेका

नारी रसिला रसमा रमेका ।

*इलाम चियाबारी, पृ: ४०*

इलामको उत्पादन र त्याहाँको जनजीवनबाट विशेष रूपमा प्रभावित आचार्य आफ्ना कविताका माध्यमबाट यसरी प्रस्तुत हुन्छन् ।

पाखा पखेराभरि अम्रिसो छ

अलैची झ्याम्म कुनाकुना छ

औकात हेरी घरगोठ चट्ट

बारी करेसा भरी फल मस्त ।

इलाममा इलमको रहेनछ कष्ट

आलु, अदुवा अचार चिया छ प्रशस्त

आतिथ्य आँगन सफा बटुवा कुरेका

छन् झ्याल पुष्पित लता घरमा झुलेका ।

*इलाम चियाबारी, पृ: ४०*

भानु दार्जलिङ स्मारकको भ्रमणका क्रममा साथी भाइको विचमा ठट्टा रमाइलो गर्दै घुमेको बाटाका दलालहरूले आफूहरूलाई दुख दिए पनि भानु स्मारकका पुगेपछि आफ्नै देशको जस्तो लागेर शान्तिको महशुस गरेको प्रसङ्ग उनको भानु दार्जलिङ स्मारक कवितामा प्रस्तुत गरिएको छ ।

सहिद पार्क हेटौडा पुग्दा आचार्यले आफ्ना दामली मदन भण्डारी र जीवराज आश्रितलाई सम्झिएर उनीहरूको योगदानको स्मरण गरेका छन् । मदनको जीवनमा भए गरेका स्मरणीय कार्यको समेत उनले सहिद पार्क हेटौडा कवितामा गरेका छन् । यसरी स्मरणीय कार्य गर्नेहरूलाई आचार्यले सगर्व धन्यवाद पनि दिएका छन् ।

तातोपनी कुती यात्राको क्रममा बाटामा देखेका दृश्यहरूले मोहित बनेका आचार्य तातोपानी नाका छिचोलेर चीन प्रवेश गरेपछि त्याहाँ भएको विकास, कडा पत्थरलाई फोडेर प्रकृतिमाथि मानवको विजय देख्दा रोमाञ्चित भएका छन् ।

सल्लाका वन बोल्दछन् विकटका कोप्चाहरुका गुफा
चिर्दै पत्थर मार्च मार्छ छहरा तन्ना छ धर्सो सफा
नारङ्गी चुचुरा चुलीमुनि ध्वजा हो चैत्यको चिन्ह रे
भन्थे एक बुढा त्यतातिर पुगे बिर्सिनसक्नु छरे ।

*तातोपानी कुती यात्रा, पृ ८७*

यसरी आचार्य पुगेका हरेक ठाँउहरूको बारेमा गहिरो अभिरुचि राख्छन र त्यस लाई आफ्नो कविताको विषय बनाउछन् ।

**३.३.४.जगन्नाथ आचार्यको कविताहरूको प्रवृत्ति**

जगन्नाथ आचार्यका कविताहरूमा निम्न प्रवृत्तिहरू पाउन सकिन्छ ।

**३.३.४.१. त्याग र समर्पणको सङ्कल्प**

जगन्नाथ आचार्य एक सरल र आदर्श जीवनशैली भएका व्यक्तित्व हुन । सामाजिक सेवा र प्रकृतिमा नै आफूलाई आनन्द लाग्ने बताउने आचार्यको कविताहरूमा सोही अनुसारको जीवन दर्शन पाइन्छ । कुनै किसिमको लाभको अपेक्षा नगर्ने र समर्पणमा नै रमाउने आचार्य तत्कालीन पञ्चायती व्यवस्थाका विरुद्धमा छन् । पञ्चायतको जरा नउखलेसम्म देशको उन्नतीको मार्ग उनले देखेका छैनन् । त्यसैले क्रान्तिमार्गमा सबैले दृढ भएर लाग्नुपर्ने विचार सहितका कविता उनका रहेका छन् ।  जगन्नाथ आचार्यको त्याग सर्मपण झल्कने यो कविता,

घुम्ने मेच त चाहिदैन नि सखे सम्मानको भानमा
रम्नै वेश छ लालिमाटी वनकी क्वैली मिठो गानमा
बबाको करको उपार्जन मिठो कोदो मकैको पिठो
प्यारी गुन्द्रुक साँध्दछिन जननीले पस्केर खाने ठिटो ।

यो पञ्चायत राजका अधमको सत्ता उखेलकिन
शाही शासन मुहान शिरको टोपी नफालीकन
हाम्रो छैन भविष्य क्रान्ति पथमा लाग्नै छ पक्क भने

आफ्नै पौरख स्वतन्त्र पसिना फल्नेछ खेती खने ।

*किसान हुँ पृ:१८*

**३.३.४.२. वर्गीय असमानता,**

जगन्नाथ आचार्यले, नेपाली समाजमा वर्गभेद भएको र वर्गभेदले नेपालीहरूको प्रगति हुन नसकिरहेको यथार्थतालाई कविता मार्फत प्रस्तुत गरेका छन् । धनी झन् धनी हुँदै गएको र गरीव झन् गरीब बन्दै गएका छन् । जनता चुनेर पठाउछन् तर नेता चुनिएपछि व्यक्तिगत स्वर्थमा लिप्त भएर लाग्छन् । विचार र सिद्धान्तको होडले पनि लक्ष्य मार्गमा पुग्न कठिन भएकोले सिद्धान्तको एकता नै आजको आवश्यकता हो भन्ने भाव उनका कवितामा पाइन्छ । यसरी हेर्दा जगन्नाथ आचार्य वर्गीय असमानताको विपक्षमा उभिएका छन् । वर्गीय असमानताको उत्कृष्ट नमुना भएको उनको यो कविता हेरौं ।

चढ्छन मोटरकार विल्डिङ कतै रित्तो छ झुप्रो तल

हर्दम घोटिनुपर्छ हात हसियाँ साथी छ कुप्रे बल

छाकै टार्न समेत मुश्किल भयो दाना दन्यौरा कता

यस्को कारण मास्न मल जड हो सिद्धान्तको एकता ।

*रक्तिम सूर्य, पृ, २०*

**३.३.४.३. दार्शनिक चेतना,**

मानिस, मानिस भएर बाँच्न पाउनुपर्छ । उसका लागि न्युनतम आवश्यकताको सहज उपलब्धता हुनुपर्छ । यो पृथ्वी सबैको साझा घर हो भन्ने दार्शनिक मान्यता उनका कवितामा पाइन्छ । यसरी हेर्दा आचार्यलाई दार्शनिक चिन्तन अगाँलेर कविता लेख्ने व्यक्तिको रूपमा चिन्न सकिन्छ ।

पानी पाउनु मान्छेको हक हो पर्छ पाउनु

पानी ख्वाउनु मान्छेको धर्म हो पर्छ ख्वाउनु

पानी पापा बनेको छ शिवको नगरीतिर

साझा सेवा रहोस् प्यारो धर्ती हो सबको घर ॥

*मेलम्ची सरोकार, पृ: २९*

### ३.३.४.४. दृढ आस्था र विश्वास

समानता, समाज विकासको प्रमुख आधार हो भन्दै आचार्य समानता विकास र विकासमा जनसहभागिताको पक्षमा दृढ विश्वास व्यक्त गर्दछन् । उनीमा जनताको आन्दोलन र क्रान्तिले अवश्य एकदिन नयाँ विहानी ल्याउनेमा विश्वस्त छन् र अरूलाई पनि कविता मार्फत  सोही किसिमको विश्वास दिलाउन चाहन्छन् ।

विश्वास चाहिन्छ समानताको

सङ्घर्ष लामो सहभागिताको

आधार धार नभै हुदैन

विश्वास त्यागे जग सुध्रदैन ॥

*मूल्याङ्कन, पृ: २९*

### ३.३.४.५. सन्त्रास

कवितामा युद्ध र युद्धको सन्त्रासलाई सफल ढंगले उतार्न आचार्य  सिपालु देखिन्छन् । विगतमा भएको युद्धको कारण जनतामा भयानक सन्त्रास छाएको थियो । जनताहरूमा कतिबेला कसको फन्दामा परिन्छ थाहा हुदैनथ्यो । यही किसिमको सन्त्रास उनका कविताहरूमा यसरी मुखरित भएको छ ।

पिल्सेका जनता छ भोक तनमा वर्षा छ बारुदको

तर्सेको बटुवा छ शान्ति पथमा तिर्खा छ आनन्दको

चीसो बादल छैन आज किन हो ज्वाला उठेको तल

डाँफे  लेक अहो ! सुकेछ झरना फल्दैन खै काफल ॥

*आह्वान, पृ: २२*

### ३.३.४.६. आतङ्कको विरोध,

आतङ्कले मानवीय जीवन कष्टप्रद बन्दै गएको प्रसङ्ग उनका कविताहरूमा पाइन्छ । शिक्षा बहिष्कार गरेर बन्दुक बोकी देश र जनताको भलाइ नहुने भन्दै युद्ध विरोधी उनको प्रवृत्ति यसरी प्रस्तुत भएको छ ।

बन्दुक बन्द गरेर ताला

फालेर कापी बटुलेर भाला

बन्दैन यो देश डुली वनैमा

मनुष्य हो ज्ञान भए मनैमा ॥

*सन्देश विद्यार्थीलाई पृ: ४३*

### ३.३.४.७. मानवीय मूल्यको अस्तित्वको खोजी

जगन्नाथ आचार्यका कविताहरूमा मानवीय मूल्य र अस्तित्वको खोजी गरिएको पाइन्छ । मान्छे मौन बसेर मनका कुरा दबाएर शान्ति भएको मान्ने, अरूमाथि चढेर आफू ठूलो भएको सम्झने, मान्छे मार्ने मान्छे नै देशको भान्छे  हुने हो भने, जनताको अधिकार खोस्ने नै मन्त्री हुने हो भने खै मानवता ? खै मानवीय अस्तित्व ? भन्ने भाव यसरी व्यक्त गरेका छन् ।

मान्छे मौन बसेर शान्त हँसिलो धर्ती हुने हो भने

मान्छे माथि चढेर मानिस ठुलो मान्छे हुने हो भने

मान्छे मास्न सिपालु कतै भान्से हुने हो भने

मान्छेको अधिकार खोस्न चतुरा मन्त्री हुने हो भने  ।

मान्छेका मुटुका व्यथा वह कथा पोखिन्न खुल्ला भने

यात्रा बन्द बनेर बन्द दहमा फोका दबिन्छन् भने

कुर्सी माथि चढेर मानिस कतै औतार बन्ने भए

मान्छे हो ! अब भो पुग्यो नरुनु है मान्छे ढडीया परे ॥

*सङ्कटकाल, पृ: ४९*

यसरी आचार्य आफ्ना कविताको माध्यमबाट मानवीय मूल्य र अस्तित्वको खोजी गर्छन् ।

### ३.३.४.८. क्रान्ति र परिवर्तनप्रति विश्वास

संघर्षबाट इतिहास बदल्न सकिन्छ । जनताको संघर्षमा विश्वास गर्ने आचार्य क्रान्ति पछि परिवर्तन हुनेमा पूर्णत विश्वस्त देखिएका छन् । उनको क्रान्तिप्रतिको विश्वास यसरी प्रस्तुत हुन्छ ।

तर्सन्नन जन अश्रुग्याँस असिना बर्सेर छोपे पनि

पस्रन्नन् अब दुष्टका चरणमा सङ्गीन रोपे पनि

बाला, बृद्ध, युवा र छात्र, महिला मोर्चा छ एकै अब

उर्लेको जनक्रान्तिको लहरमा टिक्लान् कहाँ दानव ?

*क्रान्ति बोल्छ, पृ:५४*

### ३.३.४.९. देशभक्ति

जगन्नाथ आचार्यका कविताहरूमा देशभक्तिको भावना प्रबल रूपमा पोखिएको छ। देशमा वेथितिले संघार नाग्दा उनी दुखीत हुन्छन्। सीमाना मिचिदा मन रोएको मात्र छैन त्यसका विरुद्धमा संघर्षमा होमिने संकल्प पनि छ।

बँसी तराईतिर  होस् जावोस्

वैरत्वले साध सीमा नखाओस्

त्यो सातु पिठो छ मिलेर खान

आईपरे पर्दछ मर्न जान ॥

*विधि र सिर्जना पृ: ६८*

### ३.३.४.१०. आतङ्कपछिको सन्नाटा

देश विगतमा संचालन भएको सशस्त्र आन्दोलनबाट बेस्सरी प्रभावित भएको छ । हिंसाका घाउहरू अहिले पनि चर्किरहेका छन् । ती घाउहरूमा मलम पट्टी लागाउने जिम्मेवारी लिएकाहरूले ध्यान दिइरहेका छैनन् । भन्ने भाव सहितको यो कविता,

सत्ताका अगुवा बनेर दगुरे आस्था छरेकाहरू

को-को छन् किन छैन खोज गतिलो छोरा मरेकाहरू

आमाका गहमा छ आँसु अमिलो थोत्रो छ धोक्रो पनि

छैनन् बालकका क्रिडा चहुरमा रित्तै छ कोक्रो पनि ।

*युवा भरोसा, पृ: ८८*

यसरी जगन्नाथ आचार्यमा नेपालको स्पष्ट चित्र खिच्ने र नेपाली मनको भावलाई कवितामा समेट्न सक्ने शक्ति छ । उनी सत्यलाई राम्ररी पहिल्याउछन् अनि त्यसलाई सूक्तिपूर्ण बनाएर प्रस्तुत गर्छन् । उनका कवितामा आक्रोश छ तर गाली छैन, विद्रोह छ तर नारा छैन, अनि विचार छ तर खोक्रो छैन । कलाले सिँगारिएको विचार र मानवीय संवेदनाको साधारणीकृत प्रस्तुति नै जगन्नाथ आचार्यका कविताको शक्ति हो भन्न सकिन्छ ।

### ३.४.१. रस

समय-स्वर कविता सङ्ग्रहमा प्रकाशित अधिकांश कविताहरू वीर रस प्रधान छन् । उत्साह स्थायी भाव भएको वीर रसका कविताहरूको माध्यमबाट विभिन्न समयमा जनतालाई आन्दोलनमा लाग्न आग्रह गरिएको छ । पञ्चायती व्यवस्थाको विरुद्धमा लडेका आचार्य अरूलाई पनि काविता मार्फ सोही मार्गमा लाग्न प्रेरित गर्छन् । पञ्चायती व्यवस्था, राजतन्त्र, राजाबाट भएको राजनीतिक  प्रतिगमन, हिसांत्मक सशस्त्र आन्दोलनको विरुद्धमा सर्वसाधारण जनतालाई विद्रोह र शान्तिपूर्ण आन्दोलनमा अग्रसर हुन आग्रह गर्ने क्रममा वीर रस उत्पन्न भएको पाइन्छ ।

### ३.४.२. वीर  रस,

उत्साह मूल भाव भएको वीरता, साहस, र आक्रोसपूर्ण  कवितालाई वीर रस प्रधान कविता भनिन्छ । यस कविता सङ्ग्रहमा भएका वीर रस प्रधान कविताहरूः

मुट्ठी उच्च उचाल हे युवक हो सर्तसिर्जनाखातिर

माटाको ममता भरौ मुटुभरै बास्ना छ रे निर्मल

गाथा अग्रजका सहीद महिमा कीर्ति जगेर्ना गर

यात्रा लक्षित हाँकको बिगुल यो बज्दै छ सेवा गर  ।

*आह्वान, पृ: २२*

योद्धा भएर उठ हे बहिनी मुमा हो

बाँधेर संगठन व्यापक पार ढिक्को

आफैँ सशक्त हुन भैकन लाम लाग

नारी बनेर बलियो दृढ आँट बाँध ।

*नारी प्रति पृ:४५*

तर्सन्नन् जन अश्रुग्याँस असिना बर्सेर छोपे पनि

पस्रन्नन् अब दुष्टका चरणमा सङ्गीन रोपे पनि

बाला वृद्ध युवा र छात्र महिला मोर्चा छ एकै अब

उर्लेको जनक्रान्तिको लहरमा टिक्लान् कहाँ दानव ?

*क्रान्ति बोल्छ, पृ: ५४*

उर्लेको जनक्रान्तिको लहरले पोल्नेछ मुढो अब

झुल्के हेरन झुण्डका जुलुश ती ताली बजारौ सब

बारम्बार कठोर विध्नहरुका उल्का  मुल्का खपी

बाटो खन्नु छ एक नव्य विधिको आउ जुटौ है तपी ।

*मोर्चा कसौ है अब, पृ: ८२*

विकृत समाजको मूल जरो भनेको देशका शासकहरू हुन । उनीहरू समाजलाई थप विकृत बनाउन खोज्छन् भने जनता चुप लागेर नबस्ने र उनीहरू अन्यायलाई जरैदेखि उखेल्न अश्रुग्याँसको पर्वाह नगरी मुट्ठी कसेर मोर्चामा सहभागी हुन आग्रह गर्दै लेखिएका कविताहरूमा वीर रसको प्रयोग भएको छ ।

**३.४.३. करुण रस,**

समय स्वर कविता सङ्ग्रहका केही कविताहरूमा करुण रसको पनि प्रयोग भएको पाइन्छ । शोक स्थायी भाव भएको करुण रस उनको चेलीबेटी वेचविखन शीर्षकको कवितामा यसरी प्रस्तुत भएको छ ।

बैनी बिकेका परदेश नोट

शुन्यै छ बस्ती घरबार गोठ

मर्दै छ मान्छे खुकुरी खपेर

रम्दै छ गाई गवुवा भजेर

चेली रुदै छिन बिचरा बिदेश

आउन्न चिठी पनि हाल के छ ?

बाढी र पैरो कति विघ्न आयो

वर्षौ भयो भेट कतै नभाको

छैनन् नयाँ खै फलफल पात

स्वप्ना छ जुर्न डुकु दाल भात ।

बाङ्गोछ बाटो गुडुली परेको

एड्सको छ व्याधी कतिमा सरेको ।

*चेलिबेटी बेचविखनको पीडा, पृ, ३५*

चेलीबेटी बेचविखनबाट पीडित नारीहरूको मर्मान्त वेदना पोखिएका कविताहरूमा शोक र वेदनाको प्रस्तुति पाइन्छ । बाढी पैरो जस्ता प्राकृतिक प्रकोपको समयमा हुने पीडितहरूको दुखद अवस्थालाई करुण रसको माध्यमबाट यस सङ्ग्रहमा समेटिएको छ । बाल सखा मदन भण्डारीको वियोगमा लेखिएका कविताहरूमा समेत करुण रसको प्रयोग भएको पाइन्छ ।

### ३.४.४. रौद्र रस

देशका तत्कालीन शासकहरूप्रति कडा प्रहार गरी लेखिएका उनका कविताहरूमा रौद्र रस उत्पन्न भएको छ । क्रोध या रिस स्थायी भाव भएका रौद रसका कविता मार्फत जनताका अधिकार कुण्ठित गरी मुलुकको सत्ता आफ्नो हातमा लिने राजालाई क्रोधपूर्ण ढंगले राजनसित भन्ने शीर्षकमा लेखिएका प्रस्तुत हरफहरू:

राजन् सधै पर्दछ मर्न मान्छे ?

को-को कहाँ भोजन गर्छ भान्से

तानाबाना बुन्दछौ खोपडीमा

आगो सल्क्यो फाँटका झोपडीमा ।

*राजन् सित, पृ ४४*

यसरी जगन्नाथ आचार्यका समय स्वर कविता सङ्ग्रहमा प्रकाशित कविताहरूमा आन्दोलन, क्रान्ति र अधिकारका लागि उत्प्रेरित गर्ने विषय, सन्दर्भका छन् जसमा वीर रसको प्रयोगको अधिकता देखापर्छ । वियोग र विछोडका करुण

रसले भरिपूर्ण भएका कविताहरू पनि उनले समय स्वर कविता सङ्ग्रहमा सङ्ग्रहित गरेका छन् । निरकुंश शासकहरूमा कडा प्रहार गरिएको रौद्र रसका कविताहरू पनि उनका यस सङ्ग्रहमा प्रकाशित छन् ।

### ३.५. अलंकार

जगन्नाथ आचार्यका कविताहरूमा शब्दालंकार र अर्थालंकार दुबै पाइन्छ । शब्दालंकार अर्न्तगत अन्त्यानुप्रासको कुशल संयोजन पाइन्छ । शब्दको मध्यका पदहरू एक आपसमा दोहोरिएर, शब्दान्तका पदहरू देहोरिएर शब्दालंकारको सृजना भएको छ । अर्थालंकार अर्न्तगतको उपमा अलंकारको यो नमुना,

इन्द्रेणी वनमा बगेछ त्रिशुली श्री शुक्र चम्केसरी

छर्दै ज्योति गयौ मदन् मन दुख्यो माया बस्यो वेस्सरी

जस्ले यो रचना गर्यो स्मरणको हो धन्य त्यो मानव

खाली लेख हुनेछ के छ र यहाँ सम्झाउने आशय ।

*बाचुन् सखा युगभरि, पृ, २१*

उल्लेखित कवितामा  त्रिशुली नदी उपमान  श्री शुक्र चम्केसरी मदन चम्कनु उपमेय सरी सादृश्यबाचक सम्वन्ध बग्नु धर्म (गुण) भएकाले उपमा अलङ्कारको प्रयोग भएको हो  ।

जगन्नाथ आचार्यका कविताहरुमा शब्दालंकार र अर्थालंकार दुवै पाइन्छ । अर्थालङ्कार अर्न्तगत उपमा, उत्पेक्षा, रुपक जस्ता अलङ्कारको प्रयोग भएको पाइन्छ भने शब्दालङ्कार अर्न्तगत अनुप्रासात्मक भाषाको प्रयोग उनका कविताहरूमा गरिएको पाइन्छ ।

### ३.६. छन्द

छन्दमा युगको अभिव्यक्ति आधुनिक ढंगले दिनसक्नु जगन्नाथ आचार्यको प्रमुख विशेषता  हो । शास्त्रीय छन्दले परम्परागत स्तुति र प्रकृतिको वर्णन गर्ने काम मात्र गर्दछ भन्नेहरूकालागि आचार्य घतलाग्दा जवाफ हुन् समय-स्वर कविता सङ्ग्रका एउटा पनि कविता अनावश्यक गन्थनयुक्त र स्तुतिवादी छैन, (स. नेपाल देवी, शब्दचित्रमा जगन्नाथ आचार्य, २०६८) । ( न्यौपानेले चन्द्र प्रसाद, समय-स्वर भूमिका) प्रस्तुत विचारप्रधान छन्दोवद्ध कविता सँगालोले आचार्यलाई नेपाली कविताको इतिहासमा जीवन्त राखेको छ भनेका छन् ।

जगन्नाथ आचार्यका कविताहरू अधिकांशमा शार्दुलविक्रीडित छन्दको प्रयोग भएको छ ।

#### ३.६.१. शार्दूलविक्रीडित

**मसजसततगु** (ऽऽऽ, ||ऽ, |ऽ|, ||ऽ, ऽऽ|, ऽऽ|, ऽ)

जोडा मानव जो थिए हिमशिखा झर्ना सँगै गाँउका
विद्या,बुद्धि, कला र कौशल भरी आश्रित मदन नामका
लालीपुष्प प्रभात झै सुभरिला खानी थिए आँटका
मान्छेका अगुवा नवीन पथका वैरी थिए ढाँटका ।

*बाँचुन सखा युगभरिः २१*

घुम्ने मेच त चाहिदैन नि सखे सम्मानको भानमा
रम्नै वेश छ लालिमाटी वनकी क्वैली मिठो गानमा
बाबाको करको उपार्जन मिठो कोदो मकैको पिठो
प्यारी गुन्द्रुक साँध्दछिन जननीले पस्केर खाने ठिटो

*किसान हुँ* पृ : १८

मुट्ठी उच्च उचाल हे युवक हो सतसिर्जनाखातिर
माटाको ममता भरौ मुटुभरै बास्ना छ रे निर्मल
गाथा अग्रजका सहीद महिमा कीर्ति जगेर्ना गर
यात्रा लक्षित हाँकको बिगुल यो बज्दै छ सेवा गर ।

*आह्वान, पृः २२*

### ३.६.२. उपेन्द्रबज्रा

**जतजगुगु** (|ऽ|, ऽऽ|, |ऽ|, ऽ,ऽ)

उठी घडी पाँच छदै निशाको
पस्रेर गै खेतविसे नुहेको

गैची र बेल्चा बलले उचाली

खोस्रेर बाँझो पसिना पखाली

पारेर धर्ति हरियो बगान

साक्षात गराई श्रमको बखान

उव्जा गराई सव प्राणिलाई

बाँच्ने किसान म हुँ एक भाइ ।

*किसान हुँ पृ.१८*

### ३.६.३. शिखरिणी

**यमनसभलगु** (ISS, SSS, III, IIS, SII, I, S)

उठे हाम्रा पुर्खा धुन र नुनका मालिक बनी

बिते हाम्रा पुर्खा श्रम र पसिनाक गढ बनी

डटे हाम्रा पुर्खा सयल रुखका सिर्जन धुनी

बले हाम्रा पुर्खा जगत हरियो दीपक बनी ।

*पूर्वज स्मृति,पृ २०*

### ३.६.४. वसन्ततिलका

**तभजजगुगु** ( SSI, SII, ISI, ISI, S, S)

मन्थन गरौ अति जमेर विकास सोच

बन्नेछ स्वर्ग तब सिन्धुसमाज खोँच

पाना भरेर लिपिमात्र थपेर हुन्न

संस्कार सुध्रनुपर्यो न त काम हुन्न ।

*मूल्याङ्कन,पृ:२९*

शार्दूलविक्रीडित छन्दलाई अभिव्यक्तिको प्रमुख माध्यम बनाएर कवि आचार्यले नेपाली मुटु, नेपाली माटो, नेपाली अवस्था, नेपाली राजनीति, आर्थिक, सामाजिक एवं सास्कृतिक धरातलको समेत स्पष्ट चित्र कवितामा उतारेका छन् । शार्दूलविक्रीडितका अतिरिक्त वसन्ततिलका उपेन्द्रबज्रा, इन्द्रबज्रा अनुष्टुप, शिखरिणी, मन्दाक्रान्ता आदि छन्दहरूको समेत सशक्त प्रयोग उनको समय-स्वर कविता सङ्ग्रहमा पाइन्छ । ठाँउ ठाँउमा पाइने परम्परित वर्णविन्यास बाहेक अभिव्यक्ति सन्तुलित र अनुशासित देखिन्छ ।

## ३.७ निष्कर्ष

नेपाली कविता विकासक्रमको आधुनिककाल अर्न्तगत चौथो मोडमा देखिएका जगन्नाथ आचार्य समसामयिक विषयहरूमा कविता लेख्छन् । अर्पियो ज्यान जसले शीर्षकको कविता २०२४ बाट लेखन यात्रामा देखिएका आचार्य हासम्म पनि सिर्जना यात्रामै छन् । समसामयिक विषयका कविता मार्फत उनी नेपालको स्पष्ट चित्र खिच्न प्रयत्नरत देखिन्छन् । साथै नेपाली मनको भावलाई कवितामा समेट्ने समेत उनको प्रयत्न देखिन्छ । उनी सत्यलाई राम्ररी पहिल्याउछन् अनि त्यसलाई सूक्तिपूर्ण बनाएर प्रस्तुत गर्छन् । रस छन्द र अलङ्कार सहित शास्त्रीय शैलीबाट आधुनिक विचार दिनसक्नु उनको खुवी देखिन्छ । उनका कवितामा आक्रोश छ तर गाली छैन, विद्रोह छ तर नारा छैन, अनि विचार छ तर खोक्रो छैन । कलाले सिँगारिएको विचार र मानवीय संवेदनाको साधारणीकृत प्रस्तुति नै जगन्नाथ आचार्यका कविताको शक्ति हो भन्न सकिन्छ ।

चौथों परिच्छेद

# उपसंहार

जगन्नाथ आचार्यको जन्म २००४ सालमा भएको हो । सिन्धुपाल्चोक जिल्लाको वाडेगाउँ गा.वि.स वडा नं ४ सिपाधुसेनीमा बुवा कमलनाथ आचार्य र माता मनमाया आचार्यका जेष्ठ सुपुत्रको रूपमा उनको जन्म भएको हो । सामान्य मध्यम वर्गीय परिवारमा जन्मेका आचार्यको बाल्यकाल सुखद वातावरणमा नै वित्यो । परिवारको जेठो र रहरको सन्तान भएकोले उनी सबैको हाइहाइ भए । छ वर्षको उमेरमा विधिवत अक्षारम्भ गरेका आचार्य अक्षारम्भ भन्दा अगाडि नै धेरै श्लोकहरू कण्ठस्थ सुनाउन सक्थे । उनको स्मरण शक्ति विशेष उल्लेख्य खालको थियो । हजुरआमाले उनको लालनपालनदेखि शिक्षादीक्षासम्म विशेष ख्याल गरेकोले नै आफूमा शिक्षाप्रति आकर्षण बढेको बताउने आचार्य साहित्ययात्राको विजारोपण पनि हजुरआमाकै प्रेरणाबाट भएको बताउछन् । २०१८ सम्म उनले गाउँमै विभिन्न विद्याश्रम गुरुकोमा पुगेर शिक्षा हासिल गरे । यसबाट कर्मकाण्डका विषयहरू रुद्री, चण्ड, वेद जस्ता ग्रन्थका धेरै श्लोकहरू कण्थस्थ थिए । यसका साथै सेस्ता शिक्षा सम्मको ज्ञान हासिल गरे २०१८ सालमा काठमाडौको रानीपोखरीको दरबार हाइस्कुलमा कक्षा ५ मा भर्ना भई तीन वर्ष सम्म अध्ययन गरे । त्यसपछिको उनको अध्ययन बनारसबाट अघि बढ्यो २०२१ सालमा बनारस प्रस्थान गरेका आचार्य २०३६ सालमा मात्र नेपाल फर्किएका थिए । २०३६ सालसम्ममा उनले औपचारिक रूपमा साहित्य र वेदान्तमा आचार्य र राजनीतिशास्त्र र समाजशास्त्रमा स्नातकसम्मको शिक्षा हासिल गरेका थिए । औपचारिक रूपमा वामपन्थी राजनीतितर्फको आकर्षण प्रगतिशील साहित्यप्रति झुकाव, नेपाली राजनीतिका विशिष्ट व्यक्तित्वहरू पुष्पलाल, मदन भण्डारीसँगको सामिप्यता, घनिष्टता प्रगतिशील साहित्यका सिद्धहस्तहरू मोदनाथ प्रश्रित, युद्धप्रसाद मिश्र, गोविन्द ज्ञवाली, बलराम उपाध्याय, केवलपुरे किसानसँग सहयात्राले उनको जीवन थप क्रियाशील र लेखन चोटिलो बन्न पुगेको देखिन्छ ।

सानै उमेरदेखि धार्मिक श्लोकहरूको विशेष प्रभावबाट प्रभावित जगन्नाथ आचार्यको लेखनको विधा पनि कविता नै हो । कवितामा उनले समसामयिक विषयहरू प्रमुख रुपमा उठाउने गरेका छन् । बनारसमा रहदा रचना भएका कविताहरू बनारसबाट प्रकाशित पत्रपत्रिकामा प्रकाशन भएको देखिन्छ । विषयवस्तुको संवेदनशीलताको कारण तत्कालीन समयमा उनका रचनाहरू सबै बाहिर आउन नपाएको देखिन्छ । उनी आफै जेल जानुपरेको र उनको कोठामा भारतीय प्रहरीद्धारा सर्च र जफत गरिएकोले उनका कविताहरू बहिर नआएका हुन । उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गरेको पाइन्छ । छात्रप्रभा, मिर्मिरे, लालुपाते आदि पत्रपत्रिकाको सम्पादन समेत उनले गरेका थिए ।

जगन्नाथ आचार्य सिन्धु साहित्यको आधुनिक कालका एक प्रतिष्ठित कवि हुन । विभिन्न सभासमारोहमा कविता वाचन गर्दै आएका यी कविको भाका, स्वर, लयलाई धेरैले मन पराएका छन् । हाल उनका फुटकर रचनाहरू दर्जनौ पत्रिकाहरूमा प्रकाशित भइरहेका छन । उनको हालसम्म ७६ कविता संग्रहित भएको समयस्वर कविता संग्रह प्रकाशित

भएको देखिन्छ । संस्कृत छन्दका रसामृत पाउ, श्लोहरूमा रमाउने आचार्य नेपालका प्रतिष्ठित अधिकांश कविहरूका राम्रा राम्रा कविता मुखाग्र सुनाउछन ।

जगन्नाथ आचार्यमा स्वाभिमान छ सत्चरित्र, सद्भाव, स्वाभिमानले गर्दा नै उनी राजनीतिक क्षेत्रमा अघि बढ्न सकेनन् । आफ्नो स्वार्थ पूर्तिका लागि अरुको गुलामी गर्न उनी चाहदैनन । सामान्य पोशाक, नम्रता, एकान्तप्रेमी स्वभाव उनका नबदलिएका स्वभाव हुन । व्यक्तिगत स्वार्थको इच्छा नराख्ने कवि आचार्य खुल्ला हृदयको सामाजिक मानिस बनी समाजकै निम्ति केही गरु भन्ने धारणा व्यक्त गर्दछन ।

साहित्य समाजको प्रतिविम्व हो । वर्ग विभाज्य समाजमा साहित्य पनि वर्ग विभाज्य नै हुन्छ र यसमा स्पष्ट दिशाबोध हुनुपर्छ भन्ने भावनाका कविलाई बहुजन हिताय साहित्य उदाउन समय लाग्छ तर त्यसलाई दवाइन्छ तापनि सत्य अकाट्य नै हुन्छ भन्ने विश्वास छ । साहित्यबाट देश, राजनीतिको निर्माण हुन्छ तर साहित्य पनि राजनीति जस्तै वर्ग विभाज्य रहनुपर्छ भन्ने तर्कलाई अघि सार्ने जगन्नाथ आचार्य साहित्य र राजनीति दुवै बाट सेवाको मूल कर्ममा लागि परेका छन ।

समयस्वर (२०६५) उनको एकमात्र प्रकाशित कृति हो । समय स्वर कविता संग्रहमा उनले समसामयिक विषयहरूमा कविता लेखेका छन । समयस्वर विचारप्रधान छन्दका कविताहरूको सङ्ग्रह हो । यस कविता एक श्लोकका मुक्तकदेखि लिएर फुटकर कविता सम्मका रचनाहरू समेटिएका छन । परम्परित दासत्वप्रति आक्रोस पोख्दै चेतना र जागरणका लागि शङ्खघोस गर्नु यस संङ्ग्रहको उद्देश्य हो । देश दिन दिन नै जीर्ण हुँदै गएको र जनता झन् झन् कमजोर बन्दै गएको अवस्थाप्रति जगन्नाथ आचार्य चिन्तित छन् तर उनको आवाजमा कतै पनि निराशा पलायन र ह्रास छैन । गर्न सके ढुंगा माथि नै फूल फुलाउन सक्ने अठोट र आत्मविश्वास उनमा पाइन्छ । यस संग्रहमा रहेको सवभन्दा उल्लेखनीय पक्ष भनेको कविको वैचारिक दृढता हो । वर्तमान समय वैचारिक संकटले निकै ग्रस्त छ । अवसरको सुगन्ध खोज्दै विचार परिवर्तन गर्ने र साँचो क्रान्तिकारिताको अपमान गर्ने च्याउ संस्कृतिको विकास नेपाली कम्युनिष्ट आन्दोलनमा पटक पटक नभएको होइन । कठिन परिस्थितिमा दुलो पस्ने वा क्रान्तिका विरुद्धमा बोल्ने र सहज परिस्थिति हुनासाथ सबैभन्दा अग्रपंक्तिमा उभिएर महान क्रान्तिका कुरा गर्ने प्रवृत्तिप्रति आचार्य चिन्तित छन् । उनी पुष्पलालद्धारा स्थापित विचार र मदन भण्डारीको सिन्द्धान्तबाट कहिल्यै विमुख नभई सिर्जनायात्रामा सक्रिय छन् । अहिलेको राजनीतिक परिवर्तन र प्राप्ति तिनै दुईजना महापुरुषको सैद्धान्तिक विजय हो भन्ने विचार उनको छ र उनका कवितामा पनि त्यही विचारले प्रतिनिधित्व गरेको छ ।

छन्दमा युग बोल्नै सक्दैन, स्रष्टाका भावनाहरू खुलस्त रूपमा बाहिर आउन सक्दैन र छन्द भनेको भावनाको प्रवाहलाई रोक्ने संरचना हो भन्नेहरूका लागि आचार्यका कविता घतलाग्दा जवाफ हुन । उनका छन्दोवद्ध कविताहरू एउटा पनि सस्तो भावुकता र मनगढन्ते चिन्तनका छैनन् । सबै कविता विचार र चिन्तनका कलात्मक दस्तावेजको रूपमा रहेका छन । समय खण्डका हिसावले राजनीतिक प्रतिकूल र अनुकूल दुवै अवस्थाका कविता उनको यस

संग्रहमा पाइन्छ । निरकुशतामा दुखी हुनेहरू अझै खुसी हुने बेला भएको छैन भन्ने विचार व्यक्त गरेका छन । समयस्वर कविता संग्रहमा सामाजिक विसंगतिप्रतिको आक्रोश व्यक्त भएको वैचारिक भावविन्यास युक्त एउटा विशिष्ट युगको प्रतिनिधित्व भएको उत्कृष्ट कविता संग्रह हो ।

सादा जीवन उच्च विचार गहन अध्ययन, उत्कृष्ट सिर्जना सङ्ख्यात्मकता भन्दा गुणात्मकतालाई प्रधानता दिने जगन्नाथ आचार्य सङ्घर्ष र सिर्जनाको सङ्गम हुन भन्न सकिन्छ ।

जगन्नाथ आचार्यका विषयमा शोध कार्य गर्न चाहने शोधकर्ताको लागि निम्न शीर्षकहरूमा शोध कार्य गर्न सकिन्छ ।

१. जगन्नाथ आचार्यका कवितामा राजनीतिक चेतना

२. जगन्नाथ आचार्यका कवितामा लय विधान

# परिशिष्ट

२०६८ साल असोज ३ गते शोधार्थीले जगन्नाथ आचार्यसँग लिएको अर्न्तवार्ताको मुख्य अंशहरु -

प्रश्न नं १ तपाईको बाल्यकाल कसरी बित्यो ?

म सामान्य कृषक परिवारमा जन्मिएको हुँ । कृषक परिवार भएकोले सानैदेखि गोठाले ज्ञान, जात्रा, मेलाहरूमा साथीहरूसँग रमाइलो गर्ने आदिबाट सुखद वातावरणमा वित्यो । ५ वर्ष पुरा गरी छ वर्षमा प्रवेश गरेपछि मैले विधिवत अक्षारम्भ गरेको थिए । योगी सिद्धवावाको उपस्थितिमा दियो, कलश र गणेश स्थापना गरी रुद्री, चण्डी, लगायत धार्मिक पुस्तकहरूको पूजा गरी अक्षारम्भ गरेको हुँ । मलाई सानैदेखि अरूले हेपेको देख्दा असाध्यै रिस उठ्थ्यो र हेपिएकाप्रति असाध्यै दुख लाग्थ्यो । १४ वर्षसम्म गाउँमै कहिले गुरुकोमा त कहिले विद्याश्रममा अध्ययन गर्दै पछि दरबार हाइस्कुलबाट कक्षा आठ उत्तीर्ण गरी बनारस गए । समग्रमा बाल्यकाल सुखद वातावरणमा रमाइलो सँग वित्यो ।

प्रश्न २ तपाई साहित्यतर्फ कसरी आकर्षित हुनु भयो ?

मेरो परिवार सामान्य कृषक परिवार भए पनि साहित्यतर्फ सबैको झुकाव थियो । हजुरआमा भक्तमाया अक्षर नचिने पनि महाभारत रामायणका धेरै श्लोकहरू कण्ठस्थ सुनाउनु हुन्थ्यो । वेदका लामा कठिन मन्त्र समेत स्पष्ट उच्चारण गर्ने गर्नुहुन्थ्यो । एक पटक सुनेपछि कहिल्यै नर्विसने अद्भूत क्षमता थियो उहाँको । हजुरआमा कै प्रभावमा श्लोकहरू लय हालेर गाउने कतै विग्रियो भने फेरि गाउने पर्वहरूमा विशेष रुपमा गाउने श्लोक कण्ठ गर्ने गर्दा गर्दै त्यतै हराउन थालेको पत्तै भएन । धार्मिक ग्रन्थहरूमा आधारित साहित्य यात्रापछि मोदनाथ प्रश्रित, पुष्पलाल, मदन भण्डारी, गोविन्द ज्ञवाली, युद्धप्रसाद मिश्र आदि व्यक्तित्वहरूको प्रेरणा संगत, प्रभावले यस अवस्था सम्म आइपुगेको हुँ ।

प्रश्न नं ३. तपाईको साहित्य लेखनको प्रारम्भ बिन्दु कुन हो ?

मैले २०२४ सालदेखि मात्र साहित्य लेखनको सुरुवात गरेको हुँ । अरूका रचना पढ्ने र कण्ठ गर्ने बानी परेको मलाई मोदनाथ प्रश्रितले अरूको रचनाको बाचक मात्र बन्ने होइन आफै लेख्नुपर्छ भनेपछि सुरुमा मुक्तक ढाँचाका छोटा कविता लेख्ने गरेको थिए । सबै अहिले सुरक्षित छैन । छात्रप्रभामा छापिएको **अर्पियो ज्यान जसले** भन्ने कविता नै मेरो पहिलो कविता हो ।

प्रश्न नं ४. तपाई कुन समयमा लेख्न मन पराउनुहुन्छ ?

मलाई लेखनकोलागि एकान्त वातावरण मनपर्छ । विहान तीन बजेपछि छ बजे सम्म र बेलुकी साँझमा र रातमा पनि विषयवस्तुले छुनासाथ लेखिहाल्छु ।

प्रश्न नं ५. तपाईलाई मनपर्ने नेपाली र संस्कृत लेखकहरू को को हुन ?

मलाई मानपर्ने संस्कृतका महाकवि कालीदास र नेपालीका लक्ष्मी प्रसाद देवकोटा नै हुन ।

प्रश्न नं ६. तिनका कुन कुन कुराबाट तपाई प्रभावित हुनुभयो ?

विषयवस्तुको गहिराई र सौन्दर्यपूर्ण अभिव्यक्ति नै कालीदास र लक्ष्मी प्रसाद देवकोटा मनपर्ने कारण हुन ।

प्रश्न नं ७. तपाई कस्ता विषय र घटनालाई कृतिमा व्यक्त गर्न मन पराउनु हुन्छ ?

देखेको, भोगेको समाजमा आफ्नो विचार सहितको विषयवस्तु प्रस्तुत गर्न बढी आनन्द लाग्छ ।

प्रश्न नं ८. तपाइलाई सबैभन्दा बढी मन परेको आफ्नो रचना कुन हो ?

आफूले लेखेका सबै रचनाहरू उत्तिकै प्रिय लाग्छन्

प्रश्न नं ९. तपाई आफ्ना रचनाहरूबाट सन्तुष्ट हुनहुन्छ ?

सन्तुष्ट त छदैछु, तर पञ्चायत कालमा लेखिएका र प्रकाशन भएका रचनाहरूलाई जोगाएर राख्न नसकेकोमा भने अलि खल्लो लाग्छ ।

प्रश्न नं १०. साहित्य कस्तो हुनुपर्छ ?

साहित्य, संगीत,कला आदि सबै वर्गीय हुन्छन । त्यसै चेतना अनुरुप राष्ट्र र जनपक्षिय लेखन हुनुपर्छ । साहित्यमा वर्गको पक्षधरता संगै वैचारिक नेतृत्वको नीतिगत छहारी भएन भने त्यो साहित्य नुन विनाको अलिनु चटनी जस्तो हुन्छ ।

प्रश्न नं ११. कस्ता विषय लेख्न मन पराउनु हुन्छ ?

म विशेष सामाजिक जीवनको भोगाइका विषयमा लेख्ने गर्छु । वर्गीय समाजमा हुने गरेका शोषण, अन्याय, दमनका विरुद्धमा लेख्नबढी जागर लाग्छ । तरपनि हिड्दा डुल्दा देखेका अनुभव गरेका हरेक विषयलाई कविताको विषय बनाउन मन लाग्छ । विभिन्न सभा, समारोह, गोष्ठिमा भागलिदा अनुभव गरेका तिता, मिठा पक्षलाई पनि कविताको विषय बनाउने गरेको छु । सम्पूर्ण रुपमा जीवन नै राजनीतिमा अर्पियो तर प्रदुषित राजनीतिबाट कहिल्यै सन्तुष्ट हुन सकिएन । यही असन्तुष्टिलाई पनि कविताका विषय बनाउने गरेको छ ।

प्रश्न नं १२. तपाईका कविताहरू तपाई आफैलाई कस्तो लाग्छ ?

आफ्नो सिर्जना आफूलाई मनै नपर्ने भन्ने त कुरै भएन तर पनि सबै कविताले उस्तै सन्तुष्ट भने हुँदैन । कुनै कविता बढी नै मनपर्छ भने कुनै अलि कम तर सबै कविताप्रति उस्तै प्रेम भने हुने रहेछ ।

प्रश्न नं १३. आजभोलि छन्दमा लेख्ने कम छन् तर तपाइ छन्दमा लेख्ने सानो संख्या भित्र पर्नुहुन्छ नि भन्नुहुन्छ ?

मैले सुनेका श्लोकहरू छन्दमै हुन्थे र अध्ययनको क्रममा पनि सोही विषयको अध्ययन भएकोले मलाई यस तर्फ विशेष रुची भएको हो । यमस स्वरमा प्रकाशित कविताहरूमा कुनै कुनै ठाउँमा छन्द परिष्कृत छैन ।

प्रश्न न.१४. तपाईले लेख्नु भएका सबै कविताहरू बाहिर आएका छन ?

मैले लेखेका कविताहरू पञ्चायती कालमा विभिन्न छद्म नामबाट पत्रपत्रिका आउथे तर सबै त सम्भव भएन । नेपालबाट बनारस गएर अध्ययन गर्ने छात्र छात्राहरूले निकाल्ने पत्रपत्रिकामा केही प्रकाशित हुन्थे । लेख्न धेरै लेखियो तर त्यसलाई संग्रह गरेर सुरक्षित राख्ने कुरामा मेरो कमी रह्यो । तत्कालीन समयले पनि साथ दिएन । लेखेका सामग्री लुकाएर राख्नु पर्ने हुन्थ्यो पछि २०३६ सालमा नेल परियो कोठामा प्रहरीले छापा मार्थे र सबै त्यही नष्ट गर्थे । यसरी कतै आफ्नै असावधानी र परिस्थितिजन्य कुराले सबै जोगाएर राख्न सकिएन ।

प्रश्न नं १५. तपाईलाई अध्ययनको रुचि क्षेत्र के हो ?

मलाई सबभन्दा बढी दर्शनशास्त्रका पुस्तक मनपर्छ । दर्शन कै पुस्तकहरू बढी पढ्ने गर्छु । समाजशास्त्र र मानशास्त्रका पुस्तक पनि धेरै मन पर्छ । यसका अतिरिक्त समसामयिक लेख रचना पत्रपत्रिका पढ्ने गरेको छु । साहित्य क्षेत्रमा कविता, उपन्यास, कथा, निबन्ध आदि विषयवस्तुको गहिराइमा पुगेर लेखिएका प्राय सबै रचना मन पर्छ र अध्ययन गरेको छु ।

प्रश्न नं १६. तपाईको लेख्ने उपयुक्त समय चाहि कुन हो ?

म विहान ३ बजेतिर नै उठिसकेको हुन्छु । विहान उठेपछि नित्यकर्म पछि आधा घण्टा अध्ययन गर्छु समय भएमा सो भन्दा बढी पनि त्यसपछि विषय सन्दर्भ हेरेर केही समय नियमित रुपमा लेख्ने गर्छु । यसका अतिरिक्त विषयवस्तुले छुनासाथ साथ र  स्थान उपयुक्त भएमा लेख्न थाल्छु ।

प्रश्न नं १७. तपाईको वैवाहिक सम्वन्धको बारेमा केही बताइदिनुहोस् न ।

मेरो विवाह भएको मलाई अलि अलि मात्र थाहा छ । मेरो विवाहमा खुब रमाइलो भएको भने सम्झना छ । श्लोक भनेको,  नयाँ कपडा लगाएको, कपडा फुकालेर खाना खाएको  खाना खाएको मात्र सम्झना छ । विवाहपछि हामी रमाएर खेल्ने गर्दथ्यौं अहिले सम्झदाँ हाँसो उठ्छ । त्यतिबेला श्रीमान्, श्रीमती भन्ने नै थाहा थिएन । पछि २०२०

सालमा मात्र मेरो श्रीमती भन्ने थाहा पाएको  हो । सुरुमा जागिर नखाएकोले परिवारमा अलि अप्ठेरै थियो तर अहिले सबै सामान्य भइसकेको छ । दाम्पत्य जीवन समग्रमा सुखद रहेको छ ।

## सम्मान पत्रः

साहित्य सन्ध्याले गरेको सम्मानमा प्रदान गरिएको सम्मान पत्र जगन्नाथ आचार्यलाई चिनाउने थप माध्यम भएकोले उनलाई प्रदान गरिएको सम्मान पत्र जस्ताको तस्तै प्रस्तुत गरिएको छ ।

सन्ध्यामा जब खुल्छ कोकिलगला चम्कन्छ रे चन्द्रमा

ढुंगामा पनि फुल्छ सिर्जनकला लम्कन्छ रे भावना ।

फालिन्छन जब झार ती विकृतिका बढ्छन कलाका तरु

आस्थामा जब बाँच्छ विश्वकविता मर्छन निराशाहरू॥

**साहित्य सन्ध्या पुरस्कार - २०६७**

चेतनाका महासिन्धु देशका काव्य सारथि

हे सारा युगका द्रष्टा जागृतिका मारथी

सिन्धुका पुत्र भै आयौ, गायौं गीत स्वदेशका

मनमाया उमानाथ धन्य हुन यस देशका

चण्डी, रुद्रीसंगै आई बल्न थाल्यो नयाँ दियो

काशीको ज्ञानयात्रामा आस्थाको वीज रोपियो

गंगाको छाल भै पस्दा मनमा कतै

नेपाली मन माटो भै छथ्यो बास्ना सधैं सधैं

पायौं मदनको साथ मोदनाथ भए गुरु

पष्पलाल बने आस्था काव्यमार्ग भयो सुरु

मार्क्सको चेतना बोकी उदायो सिंजनाकला
युद्ध, गोकुल, गाएर काव्यभूषण भो गला ॥

झक्झक्यायो तिमीलाई सामाजिक विभेदले
समायौं लेखनी तीखो भुल्न सक्दैन देशले
सयौं काव्य पूर्ण गर्विलो कण्ठमा पसी

आस्था जीवन भो काव्यकोश भयौं तिमी
शब्द शब्द भरी आगो सल्कायौं दुष्टमाझमा
तुफानी शब्दका वाण बर्सायौ तुच्छ राजमा
बाल युद्ध युवामाझ जलायौं त्यागको दियो
भन हे युगका स्रष्टा सिर्जनाजादु के थियो ?

गाउँमा जन्मिए के भो नाउँमा उच्च छौं तिमि
लाभमा नपुगे के भो त्यागका सिन्धु हौं तिमी
लोभले मर्छ सिद्धान्त, लाभले गिर्ट चेतना
त्यागको तेज हो कस्तो ताज भै चढ्छ माथमा ॥

समय स्वरमा आई साँचो दायित्व सम्झियौं
आफैभित्र हराएको कविको खोजमा थियौं
सम्पादन बनी बर्से छात्रप्रभा र मिर्मिरे
कालो रात थियो ल्यायौं खुसीको एक झिस्मिसे

तिमी सगरमाथा हौ बलिदान र त्यागका
तिमी आदर्श हौ जैल्यै सिङगो नैतिक मार्गका
नलम्कून स्वार्थमा पाउ, नजाओस् धनमा मन

नमरोस मनको आस्था, स्वस्थ होस कविको तन

तिम्रा यी हातका औंला चलिरहुन निरन्तर

तिम्रा ती भावका झुल्का पोखियुन नित्य निर्भय

न छन सुवर्णका हार न छन् कपुर चन्दन

गर्छ साहित्य सन्ध्या यो काव्य सम्मान अर्पण ॥

## सन्दर्भ कृतिसूची


अधिकारी हेमाङ्ग राज (२०४३), **पूर्वीय समालोचना सिद्धान्त** (ते.स.), काठमाडौं, साझा प्रकाशन,

आचार्य जगन्नाथ, (२०६५), **समय स्वर,** सि.पा., सेवा अपसेट प्रेस,

आचार्य बाबुराम, (२०३४) **पुराना कवि र कविता**, काठमाडौं, साझा प्रकाशन,

उपाध्याय केशव प्रसाद (२०४४) **साहित्य प्रकाश** ( च.सं.) काठमाडौ, साझा प्रकाशन,

उपाध्याय  चुडामणि (२०३६) **नेपाली भाषाको उत्पत्ति**,  काठमाडौं साझा प्रकाशन,

कन्दङ्वा काजीमान, (२०२०) **नेपाली जनसाहित्य,** काठमाडौं, रोयल नेपाल एकेडेमी,

के.सी. विनोद कुमार(२०६२), **दीपशिखा**, काठमाडौं, जुगल प्रेस,

नेपाल देवी ( २०६७ जेठ) **नवयुग,** नवयुग, काठमाडौं, नवयुग प्रेस,

नेपाल देवी (२०६८) **शब्दचित्रमा मदन भण्डारी** काठमाडौं, जुगल प्रेस,

नेपाल प्रदीप (२०४८) **मुक्त आकाशको खोजी**, काठमाडौं, जनता प्रकाशन,

न्यौपाने चन्द्र प्रसाद (२०६४) **सिन्धुका स्रष्टा,** सि.पा., सेवा अपसेट प्रेस,

पन्त कालीभक्त (२०२८) **हाम्रो सांस्कृतिक इतिहास,** स्याङ्जा, लेखक स्वयं,

पराजुली ठाकुर प्रसाद (२०४५) **नेपाली साहित्यको परिक्रमा,** काठमाडौं, विद्या प्रकाशन,

पोखरेल बालकृष्ण, (२०४०), **नेपाली बृहत शब्दकोश,** ने.रा.प्र.प्र.,

पौडेल दिल, (२०६३), **सिन्धुका साहित्यकारहरू,** सि.पा. हारती अपसेट प्रेस ।